धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**सानिमा म्युचुअल फण्ड**

अन्तर्गत सञ्चालन हुने

**सानिमा इक्वीटी फण्ड (Sanima Equity Fund)**

**को**

# विवरण पुस्तिका

**(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)**

प्रति इकाई मूल्य रु १०/– दरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये १,८०,००,००० (एक करोड असि लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रवर्द्धक श्री सानिमा बैंक लिमिटेड तथा योजना व्यवस्थापक श्री सानिमा क्यापिटल लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम १०,२०,००,००० (दश करोड बिस लाख) इकाई यस विवरण पुस्तिकाको शर्तअनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ।
कोष प्रवर्द्धकले यस योजनाद्वारा बिक्री गर्ने कुल इकाई रकमको १३ प्रतिशत तथा योजना ब्यबस्थापकले २ प्रतिशत रकम बिज पूँजीको रुपमा लगानी गर्नेछ।

योजनाको किसिम : बन्दमुखी।
योजनाको अवधि : ७ वर्ष।
योजना परिपक्व हुने : इकाई बाँडफाँट भएको मितिले ७ वर्ष।
कोष प्रबर्द्धक तथा योजना व्यवस्थापकको रेटिङ्ग गर्ने कम्पनी: श्री इक्रा नेपाल लिमिटेड।
कोष प्रबर्द्धकको रेटिङ्ग: इक्रा नेपालबाट कोष प्रवर्द्धकको लागी रेटिङ्ग **[ICRANP-IR] A-** Adequate Assurance on Management Quality प्राप्त
योजना व्यवस्थापकको रेटिङ्ग: इक्रा नेपालबाट योजना ब्यवस्थापकको लागी रेटिङ्ग **"[ICRANP] AMC Quality 3 (AMC3)"** Adequate Credit Quality Rating Assigned by ICRA Nepal प्राप्त।
नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७४/०७/२७।
बोर्डमा योजना दर्ता मिति : २०७४/०३/१६।
इकाई बिक्री खुल्ला हुने मिति : २०७४/०८/१२ गते।
इकाई बिक्री बन्द हुने मिति (छिटोमा) : २०७४/०८/१५ गते (बैंकिंग समय पश्चात्)।
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा) : २०७४/०८/२६ गते (बैंकिंग समय पश्चात्)।
आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या : १०० (एक सय)।
आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या : २४,००,०००/- (चौविस लाख)।
आवेदनसाथ भुक्तानी गर्नुपर्ने रकम : शत्प्रतिशत्।
**पुनश्च : बिक्री आव्हान गरिएको इकाईका लागि आवेदन पर्न आए पश्चात् न्यूनतम अवधि व्यतित भएपछि सूचना प्रकाशित गरी इकाई बिक्री बन्द गरिनेछ।**

**कोष प्रवर्द्धक**

Sanima Bank

नारायणचौर, नक्साल, काठमाडौ, नेपाल
फोन नं. ०१-४४२८९७९/८० फ्याक्स नं. ०१-४४२८९६९
Email: info@sanimabank.com Website: www.sanimabank.com

**कोष सुपरिवेक्षक**

**१. बरिष्ठ सि.ए तिर्थ राज उपाध्याय**– ३० बर्ष भन्दा बढिको पेसागत अनुभब। **ठेगाना:** लालकोलोनि मार्ग, लालदरबार, काठमाण्डौं।
२. **श्री श्याम नारायण ढकाल** - नेपाल राष्ट्र बैंकमा २७ बर्ष भन्दा बढि को कार्यअनुभब कार्यकरी निर्देशक पद बाट हाल सेवा निवृत। **ठेगाना:** सानोभऱ्याङ्ग ,काठमाण्डौं
३. **श्री ललित बहादुर बस्नेत**- कानुनी सल्लाहकार नेपाल बैक लिमिटेड, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक, रेडियो नेपाल, प्रथम राष्ट्रपतिको मन्त्रिस्तरिय कानुनी सल्लाहकार तथा निजि सचिब। **ठेगाना :** धापासि, काठमाण्डौं।
४.**श्री हेमन्त कुमार दवाडि**- नेपाल उद्योग बाणिज्य महासंघ मा नायब प्रबन्धक पदमा लामो समय कार्य गरेको अनुभब, सरकारको अर्थ,बाणिज्य तथा उद्योग मन्त्रालय सँग सम्बन्धित आर्थिक निति निर्धारणमा सल्लाकारको भुमिका
**ठेगाना:** रामकोट, फस्कु,नागारजुन नगरपालिका, काठमाण्डौ।
५. **श्री माधब प्रसाद ढकाल** - अर्थमन्त्रालय अन्तर्गत बैदेशिक सहायता समन्वय महाशाखामा १५ बर्षभन्दा बढिको अनुभब,उच्चस्तरिय कर प्रणाली पुनरावलोकन आयोगमा सदस्य,लोक सेवा आयोग, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सहसचिबको रूपमा कार्य अनुभब। **ठेगाना:** श्रीराम मार्ग, बत्तीसपुतली, काठमाण्डौ, नेपाल।

**योजना व्यवस्थापक**

(निष्काशन तथा बिक्री प्रवन्धकको कार्यसमेत गर्ने)

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

**सानिमा क्यापिटल लिमिटेड**

रजिष्टर्ड कार्यालय: नक्साल, काठमाडौं, नेपाल
फोन नं. ०१-४४२८९५६/५७
फ्याक्स नं.-०१-४४२८९५८
Email: sanimacapital@sanimabank.com
Website: www.sanima.capital

**"योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति नभएकोले कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसँग पढ्नु होला"।**

२.१. विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| २.२ | विवरण-पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा | ३ |
| २.३ | विवरण-पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु | ३ |
| २.४ | विवरण-पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा | ३ |
| **३** | **उद्घोषण** | |
| ३.१ | नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण | ३ |
| ३.२ | कोष प्रबर्द्धकको उद्घोषण | ४ |
| ३.३ | योजना व्यवस्थापकको उद्घोषण | ४ |
| ३.४ | कोष सुपरिवेक्षकको उद्घोषण | ४ |
| **४** | **योजनासम्बन्धी संक्षिप्त जानकारी** | ४ |
| **५** | **कोष प्रबर्द्धकसम्बन्धी जानकारी** | |
| ५.१ | कोष प्रबर्द्धकको नाम | ५ |
| ५.२ | योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत | ५ |
| ५.३ | कोष प्रबर्द्धक स्थापित भएको ऐन/ नियमसम्बन्धी विवरण | ५ |
| ५.४ | कोष प्रबर्द्धकको संक्षिप्त इतिहास | ६ |
| ५.५ | कोष प्रबर्द्धकका प्रमुख उदेश्यहरु | ७ |
| ५.६ | कोष प्रबर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण | ८ |
| **६** | **योजना व्यवस्थापकसम्बन्धी विवरण** | |
| ६.१ | योजना व्यवस्थापकको परिचय | १३ |
| ६.२ | योजना व्यवस्थापकको भावी योजना तथा रणनीति | १३ |
| ६.३ | योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्वसम्बन्धी व्यवस्था | १३ |
| ६.४ | योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी | १४ |
| ६.५ | योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालकसम्बन्धी जानकारी | १४ |
| ६.६ | योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी | १६ |
| ६.७ | योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण | १६ |
| ६.८ | योजना व्यवस्थापकको लेखा नीतिसम्बन्धी व्यवस्था | १९ |
| ६.९ | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | १९ |
| ६.१० | योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सोको विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सोसम्बन्धी विवरण | १९ |
| ६.११ | यो योजनाभन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (नेट एसेट भ्यालु) सम्बन्धी विवरण | १९ |
| ६.१२ | योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत | १९ |
| **७** | **कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौतासम्बन्धी विवरण** | |
| ७.१ | कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता | १९ |
| ७.२ | कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी | १९ |
| ७.३ | योजनासम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका | २० |
| ७.४ | कोष प्रबर्द्धक र कोष सुपरिवेक्षकबीचको सम्झौताका मुख्य-मुख्य बुँदाहरु | २० |
| **८** | **योजनासम्बन्धी जानकारी** | |
| ८.१ | योजनासम्बन्धी विवरण | २१ |
| ८.२ | योजनाको उद्देश्य | २१ |
| ८.३ | योजनाले लगानी गर्ने क्षेत्र | २१ |
| ८.४ | योजनाको बित्तीय प्रक्षेपणसम्बन्धी विवरण | २२ |
| ८.५ | योजनाको खर्चसम्बन्धी विवरण | २७ |

| | | |
|---|---|---|
| ८.६ | योजनाको मुनाफा वितरणको लक्ष्य | २७ |
| ८.७ | लगानी तथा लाभांशकासम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था | २७ |
| ८.८ | योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया | २७ |
| ८.९ | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशनसम्बन्धी व्यवस्था | २७ |
| ८.१० | योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | २८ |
| **९** | **इकाई निष्काशनसम्बन्धी विवरण** | |
| ९.१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधि | ३० |
| ९.२ | आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी | ३० |
| ९.३ | आवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु | ३० |
| ९.४ | खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या | ३० |
| ९.५ | इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था | ३१ |
| ९.६ | आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु | ३१ |
| **१०** | **इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा** | ३१ |
| **११** | **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** | ३२ |
| **१२** | **योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)** | ३३ |
| **१३** | **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत** | ३४ |

२.२ **विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनुपर्दछ।

(ख) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्दछ।

(ग) "नियमावली" भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधनसहित) सम्झनुपर्दछ।

(घ) "निर्देशिका" भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनुपर्दछ।

(ङ) "विवरण पुस्तिका" भन्नाले इकाईको सार्वजनिक निष्काशन आव्हान गर्नुअघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्तालाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिकाबमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनुपर्दछ।

(च) "कोष प्रवर्द्धक" भन्नाले सानिमा बैंक लिमिटेडलाई सम्झनुपर्दछ।

(छ) "योजना व्यवस्थापक" भन्नाले सानिमा क्यापिटल लिमिटेडलाई सम्झनुपर्दछ।

(ज) "कोष सुपरिवेक्षक" भन्नाले नियमावलीको व्यवस्थाबमोजिम सानिमा म्यूचुअल फण्डको सुपरिवेक्षणका लागि बोर्डबाट स्वीकृतिप्राप्त गरी कोष प्रवर्द्धकबाट नियुक्त व्यक्तिहरुको समूहलाई सम्झनुपर्दछ।

(झ) "डिपोजिटरी" भन्नाले योजनाअन्तर्गतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारीसम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने, इकाईधनीहरुलाई लाभांश वितरण गर्नेजस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमतिप्राप्त सानिमा क्यापिटल लिमिटेडलाई सम्झनुपर्दछ।

(ञ) "निष्काशन बैंक" भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएका क बर्गको बैंकहरुलाई सम्झनुपर्दछ।

(ट) "संकलन केन्द्र" भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिक्रीका लागि आवेदन फाराम बुझ्ने आस्वा ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुलाई सम्झनु पर्दछ।

**विवरण पुस्तिका प्राप्त गर्ने स्थान :**

| क्र. सं | कम्पनीको नाम ठेगाना |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड नारायणचौर नक्साल, काठमाडौं। |

२.३ **आवेदन फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :**

| क्र. सं | कम्पनीको नाम ठेगाना |
|---|---|
| १. | आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु। |

साथै, विवरण पुस्तिका सानिमा क्यापिटल लिमिटेडको वेव साईट www.sanima.capital बाट समेत प्राप्त गर्न सकिनेछ।

२.४ **विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :**

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो। यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनुभन्दा अगाडि नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन्। यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ। विवरण पुस्तिका प्रकाशित भए पश्चात् निष्काशन खुला हुनु अघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ।

३. **उद्घोषण :**

३.१ **नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लेखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

**३.२ कोष प्रवर्द्धकको उद्घोषण :**

प्रचलित कानून बमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ। कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रवर्द्धकको प्रतिनिधि सञ्चालक मार्फत योजनाको व्यवसायिक तथा नियम संगत व्यवस्थापनमा कोष प्रवर्द्धकको सहभागिता रहनेछ। कोष प्रवर्द्धकले यस योजनाले बिक्री गर्ने कुल इकाई रकमको १३ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ। विवरण पुस्तिकामा समावेश विवरण सत्य तथ्य रहेका छन्।

**३.३ योजना व्यवस्थापकको उद्घोषण :**

यस विवरण पुस्तिकामा योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ। यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सत्य तथ्ययुक्त रहेका छन्। यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ। यस विवरण पुस्तिकामा उल्लेख गरिएको वित्तीय विवरण, अन्य विवरण तथा जानकारी तथा कागजातहरुको सत्यता तथा शुद्धता प्रति विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिकरुपमा जवाफदेहिता बहन गर्दछौं तथा लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं। योजना व्यवस्थापकले यस योजना मार्फत बिक्री गर्ने कुल इकाई रकमको २ प्रतिशत रकम बिज पूँजीको रुपमा लगानी गर्नेछ

**३.४ कोष सुपरिवेक्षकको उद्घोषण :**

यस विवरण पुस्तिकामा हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यसमा समावेश गरिएका सामग्री जस्तै वित्तीय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदी सम्बन्धी विवरण तथा जानकारीहरु सत्यतथ्य रहेका छन्। यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु स्पष्ट तथा पर्याप्त मात्रामा राखिएको छ र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं।

**४. योजना सम्बन्धी संक्षिप्त जानकारी :**

| | | | |
|---|---|---|---|
| ४.१ | क | योजनाको नाम | **सानिमा इक्वीटी फण्ड** (Sanima Equity Fund) |
| | ख | योजनाको आकार | रु. १,२०,००,००,०००।- (एक अर्ब बिस करोड) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (Close-end) |
| ४.२ | क | निष्काशन गर्न लागिएको इकाई सङ्ख्या | १२,००,००,००० (बाह्र करोड) |
| | ख | प्रति इकाई मूल्य | रु. १०।- (अक्षरेपी दश) |
| | ग | न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या | ६००,००,००० (छ करोड) |
| | घ | अधिकतम सकारिने इकाई सङ्ख्या | १५,००,००,००० (पन्ध्र करोड ) |
| | ङ | योजनाको अवधि | ७ वर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजनाको इकाई बाँडफाँट भएको मितिले ७ वर्ष। |
| | छ | इकाई बिक्री केन्द्रहरु | आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |
| | ज | आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई सङ्ख्या | १०० (एक सय) इकाई |
| | झ | आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई सङ्ख्या | २४,००,०००/- (चौविस लाख) इकाई |
| | ञ | इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था | इकाई विक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र बाँडफाट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने। |
| | ट | सूचिकरण तथा दोस्रो बजार कारोवारको व्यवस्था | इकाईहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने। |
| ४.३ | | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाको लेखा परीक्षण पश्चात् आएको खुद वितरण योग्य मुनाफाको हिसावले इकाईको अंकित मूल्यको आधारमा हरेक आर्थिक बर्षमा एक वा सो भन्दा बढी पटक मुनाफा वितरण गरिने। सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने। |
| ४.४ | | इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवासीय नेपाली ,प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने। |
| ४.५ | | योजना व्यवस्थापकको<br>नाम तथा ठेगाना:<br>स्थापित ऐन:<br>दर्ता मिति:<br>बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति: | <br>सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल वडा नं. १ काठमाडौं।<br>कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३।<br>कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति: २०७२/०८/२३ (दर्ता नं. १४२४२८/०७२/०७३)।<br><br>२०७४/०२/१४। |
| ४.६ | | योजना व्यवस्थापकको लेखापरीक्षकको | एल.डि.एस.ए एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, बिशाल बस्ती (क) ६४ बिशालनगर काठमाडौं । |

| | | | |
|---|---|---|---|
| | | नाम तथा ठेगाना | |
| ४.७ | | योजनाको लेखा परीक्षकको नाम तथा ठेगाना | जि.पि.राजबाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, नारायणचौर, नक्साल काठमाडौं । |
| ४.८ | | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १. **श्री हेमन्त कुमार दवाडि**- नेपाल उद्योग बाणिज्य महासंघ मा नायब प्रबन्धक पदमा लामो समय कार्य गरेको अनुभव, सरकारको अर्थ,बाणिज्य तथा उद्योग मन्त्रालय सँग सम्बन्धित आर्थिक निति निर्धारणमा सल्लाकारको भुमिका ।<br>**ठेगाना:** रामकोट, फस्कु, नागार्जुन नगरपालिका, काठमाण्डौ ।<br>२. **श्री श्याम नारायण ढकाल** - नेपाल राष्ट्र बैंकमा २७ बर्ष भन्दा बढि को कार्यअनुभब कार्यकारी निर्देशक पद बाट हाल सेवा निवृत । **ठेगाना:** सानोभऱ्याङ्ग ,काठमाण्डौं ।<br>३. **श्री ललित बहादुर बस्नेत**- कानुनी सल्लाहकार नेपाल बैंक लिमिटेड, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड, रेडियो नेपाल, प्रथम राष्ट्रपतिको मन्त्रिस्तरिय कानुनी सल्लाहकार तथा निजि सचिब । **ठेगाना :** धापासि, काठमाण्डौं ।<br>४. **सि.ए तिर्थ राज उपाध्याय**– ३० बर्ष भन्दा बढिको पेसागत अनुभब ।<br>**ठेगाना:** लालकोलोनि मार्ग, लालदरबार, काठमाण्डौ ।<br>५. **श्री माधब प्रसाद ढकाल** - अर्थमन्त्रालय अन्तर्गत बैदेशिक सहायता समन्वय महाशाखामा १५ बर्षभन्दा बढिको अनुभब, उच्चस्तरिय कर प्रणाली पुनरावलोकन आयोगमा सदस्य, लोक सेवा आयोग, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सहसचिबको रूपमा कार्यअनुभब ।<br>**ठेगाना:** श्रीराम मार्ग, बत्तीसपुतली, काठमाण्डौ, नेपाल । |
| ४.९ | | रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | रेटिङ्ग कम्पनी: श्री इक्रा नेपाल लिमिटेड ।<br>कोष प्रबर्द्धकको रेटिङ्ग: **[ICRANP-IR] A-** Adequate Assurance on Management Quality Assigned by ICRA Nepal<br>योजना व्यवस्थापकको रेटिङ्ग: **"[ICRANP] AMC Quality 3 (AMC3)"** Adequate Credit Quality Rating Assigned by ICRA Nepal |
| ४.१० | | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ :<br>१. बोर्डमा दर्ता भएको धितोपत्र ।<br>२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।<br>३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र ।<br>४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु ।<br>५. बैंक निक्षेप ।<br>६. मुद्रा बजार उपकरण ।<br>७. बोर्डले तोकिदिएको अन्य क्षेत्र । |
| ४.११ | | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनी सानिमा क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं आफैले नै डिपोजिटरीको कार्य गर्ने । |
| ४.१२ | | खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९(क) र (ख) मा उल्लेख गरिएको छ । |

## ५. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

**५.१ कोष प्रवर्द्धकको नाम :** श्री सानिमा बैंक लिमिटेड ।

**५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत :**

योजना व्यवस्थापक कम्पनीमा कोष प्रबर्द्धक श्री सानिमा बैंक लिमिटेडको चुक्ता पूँजीको १०० प्रतिशत शेयर स्वामित्व रहेको ।

**५.३ कोष प्रवर्द्धक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :**

प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार कारोबार गर्न इजाजत प्राप्त ।

## ५.४ कोष प्रवर्द्धकको संक्षिप्त इतिहास :

क. गैर आवासीय नेपालीहरु समेतको लगानीमा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो। सो मुताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुऱ्याउदै आएको छ। यस बैंकको संस्थापक तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समयदेखि आवद्ध रहेको व्यक्तित्वहरु हुनुहुन्छ।

ख. सानिमा बैंक लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६१ आषाढ १६ गते दर्ता भई नेपाल राष्ट्र बैंकद्वारा मिति २०६१ मार्ग ११ गते राष्ट्रिय स्तरको “ख” वर्गको विकास बैंकको स्वीकृति प्राप्त गरि मिति २०६१ मार्ग २१ गते देखि वित्तीय कारोवार गर्दै आएको यस बैंकले नेपाल राष्ट्र बैंकबाट मिति २०६८ फाल्गुण १ गते “क” वर्गको बाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोवार गर्न इजाजतपत्र प्राप्त गरि मिति २०६८ फाल्गुण ३ गतेदेखि आफ्नो सेवा संचालन गर्दै आएको छ।

यस बैंकमा ५१% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको र ४९% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ। बैंकिंग क्षेत्रमा यस बैंकले एक अग्राणी बैंकको भूमिका निर्वाह गरिरहेको छ।

## ५.५ कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, र कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलीत कानूनको अधिनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय वमोजिम रहेको छ।

(१) जलश्रोत, सिंचाई, कृषि, उद्योग, सेवा व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको लागि स्थिर चालू पूँजीको निमित्त ऋण उपलब्ध गराउने।

(२) कुनै बैंक वा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई ऋण उपलब्ध गराउन जमानी बस्ने।

(३) ब्याज वा विना व्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने।

(४) राष्ट्र बैंकले तोकिदिए बमोजिम कर्जा दिने।

(५) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने।

(६) हायरपर्चेज, हाइपोथिकेशन, लिजिङ्ग, हाउजिङ्ग तथा सेवा व्यवसायको लागि कर्जा दिने।

(७) राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैंकिङ्ग कारोवार गर्ने।

(८) अन्य इजाजतपत्र प्राप्त संस्थाहरुसंग मिली सहबित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने।

(९) स्वदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने।

(१०) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने।

(११) विनिमय-पत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्कासन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउन्ट गर्ने वा खरीद बिक्री गर्ने।

(१२) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने।

१३) आफूले पत्याएको व्यक्तिलाई अधिविकर्ष कर्जा दिने।

(१४) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने।

(१५) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य इजाजत-पत्र प्राप्त संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मुल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटक पटक गरी कर्जा दिने।

(१६) प्रतितपत्र निष्कासन तथा स्वीकार गर्ने।

(१७) नेपाल राज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन चाँदी, शेयर, डिबेञ्चर, बण्ड आदि खरिद, बिक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेञ्चर, बण्ड आदिको व्याज असुलउपर गर्ने।

(१८) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालराज्यभित्र वा विदेशमा समेत पठाउने ।

(१९) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने ।

(२०) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋण पत्रको खरिद बिक्री गर्ने वा सकार गर्ने ।

(२१) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने ।

(२२) राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोवार गर्ने ।

(२३) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवि प्रकोप पीडित तथा देशको कुनै क्षेत्रका वासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके वमोजिमको रकम सम्म कर्जा दिने ।

(२४) आफू तथा अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैंक वा कुनै अन्य इजाजतपत्र प्राप्त संस्था बीच लिनेदिने ।

(२५) अन्य कुनै इजाजतपत्र प्राप्त संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने ।

(२६) राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर, डिबेञ्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य बित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने ।

(२७) आवश्यकतानुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य इजाजतपत्र प्राप्त सस्थाबाट कर्जा लिने दिने ।

(२८) परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने ।

(२९) परियोजना स्थापना, संचालन र मूल्याङ्कन सम्वन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने ।

(३०) समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने ।

(३१) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिदा वा निजसंग कुनै कारोबार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने ।

(३२) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सवारी साधन, मेशिन, औजार, उपकरण, घरायसी टिकाउ सामान वा त्यस्तै अन्य चल सम्पत्तिको लागि किस्ताबन्दी वा हायरपर्चेज कर्जा उपलब्ध गराउने ।

(३३) राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने ।

(३४) परियोजनाहरुको प्रबर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा बिदेशी निकायहरुबाट प्राप्त भएको रकम सम्झौता अनुसार ऋणको रुपमा बितरण गर्ने ।

(३५) परियोजना स्थापना, संचालन र मूल्याकंन सम्बन्धी अध्ययन, अनुसन्धान सर्बेक्षण गर्ने गराउने तथा तालिम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने ।

(३६) कुनै व्यक्तिसंग कुनै कारोबार गर्दा वा ऋण लेनदेन गर्दा बैंकको हित संरक्षण हुने गरी आवश्यकतानुसार शर्त राख्ने र सम्झौता गर्ने ।

(३७) आफ्नो जाय जेथाको उचित प्रबन्ध वा बिक्री गर्ने ।

(३८) बैंकबाट लिएको कर्जा जुन कामको निमित्त लिइएको हो सो काममा लगाएको छ/छैन जाँचबुझ गर्ने ।

(३९) बैंकबाट ऋण वा कुनै प्रकारको सुबिधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक, अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग लिने दिने ।

(४०) ग्रामिण क्षेत्रमा बिकासको पूर्वाधार तयार गर्न सहयोग पुर्‍याउने हेतुले जनशक्ति विकास, प्रविधि बिकास, तालिम अनुसन्धान आदि सचालन गर्ने तथा त्यस्तो संचालन गराउन आवश्यक कार्यहरु गर्ने ।

(४१) प्रचलित कानूनको परिधिभित्र रही स-साना उर्जा तथा वातावरणीय प्रबिधि बिकास सम्बन्धी काम कुराहरु गर्ने ।

(४२) बैंकको तर्फबाट मुद्दा मामिला गर्नु पर्ने भए मुद्दा मामिला गर्ने र बैंक उपर लागेको मुद्दा मामिलाको प्रतिरक्षा गर्ने, मिलापत्र गर्ने तथा बैंकको तर्फबाट मुद्दा मामिला एवं सम्बन्धित सम्पूर्ण कार्य गर्ने।

(४३) प्रचलित कानून र सम्बन्धित निकायको स्वीकृति लिई बैंकले आफ्नो आयस्रोत अभिवृद्धिको लागि गैर वित्तीय सेवा अन्तरगत आफ्ना ग्राहकहरुका लागि मात्र वीमा कम्पनीहरुको अभिकर्ता भई कार्य गर्न सक्नेछ।

(४४) प्रचलित कानून तथा नीतिगत व्यवस्था बमोजिम सम्बन्धीत निकायको स्वीकृति लिई रेमिट्यान्स (बिप्रेषण) सम्बन्धी कार्य गर्ने।

(४५) राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर, म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतिय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने।

(४६) राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रही क्रेडिट कार्ड, डेबिट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्बन्धी कार्य गर्न एजेन्ट नियुक्त गर्ने।

(४७) राष्ट्र बैंकले तोकेको शर्तमा राष्ट्र बैंकको एजेन्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने।

(४८) विभिन्न सामाजिक कार्यमा सहयोग गर्ने।

## ५.६ कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण

सानिमा बैंक लि. को विगत तीन वर्षको समष्टिकृत वास्तविक वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

### क. समष्टिकृत वासलात

**(रु. हजारमा)**

| पूँजी तथा दायित्व | वास्तविक | | | |
|---|---|---|---|---|
| | आ. व. | आ. व. | आ. व. | आ. व. |
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
| शेयर पूँजी | २,५५०,२४० | ३,०६०,२८८ | ४,७१०,५९७ | ८,००१,२५५ |
| जगेडा तथा कोषहरु | २८३,१५७ | ३,७०,४०६ | ६४६,०२९ | १,०९२,६९४ |
| ऋणपत्र तथा बण्ड | - | - | ३७०,००० | ३७०,००० |
| तिर्न बाँकी कर्जा सापट | ८९८,२६८ | १६,८७,१८५ | ३,२८१,९४० | ६११,००९ |
| निक्षेप दायित्व | २४,८७३,८४९ | ३,४०,४५,३१६ | ४६,३४४,१८१ | ५७,७५४,०५४ |
| भुक्तानी दिनुपर्ने बिलहरु | - | - | - | |
| प्रस्तावित लाभांश | १७,५०७ | २६,८४५ | ३६,२४० | - |
| आयकर दायित्व | - | - | - | |
| अन्य दायित्व | ७५३,९६४ | ११,११,१५७ | ५०१,६९६ | २,१२५,८२० |
| **कूल दायित्व** | **२९,३७६,९८६** | **४०,३०१,१९७** | **५५,८९०,६८२** | **६९,९५४,८३३** |
| **सम्पति तथा जायजेथा** | | | | |
| नगद मौज्दात | ५३८,३८७ | ६,९०,६६३ | ६८२,८२४ | ९०७,५९९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,८११,०३९ | ६,८७,२७६ | २,५७४,७८८ | ५,२६५,३०२ |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १६२,४८८ | ३,९३,०९२ | १५४,९७४ | ७४१,३९९ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - | |
| लगानी | ३,७१५,५०३ | ७७,४४,२४० | १०,६५१,९३६ | ९,०९६,६८७ |
| कर्जा सापट तथा बिल खरिद | २०,३७१,४४४ | २,८२,६४,०५१ | ४०,४५५,०८७ | ५१,२६४,६६८ |
| स्थिर सम्पत्ति | ५०२,२३६ | ६,१४,७७१ | ६५४,८७५ | ७२६,८३८ |
| गैर बैंकिंङ्ग सम्पत्ति | - | - | - | |
| अन्य सम्पत्ति | १,२७५,८८९ | १९,०७,१०४ | ७१६,१९९ | १,९५२,३४० |
| **कूल सम्पत्ति** | **२९,३७६,९८६** | **४०,३०१,१९७** | **५५,८९०,६८२** | **६९,९५४,८३३** |

### ख. समष्टिकृत नाफा-नोक्सान हिसाव

(रु. हजारमा)

| विवरण | वास्तविक | | | |
|---|---|---|---|---|
| | आ. व. | आ. व. | आ. व. | आ. व. |
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
| १.व्याज आम्दानी | २,०१८,५०६ | २५,४८,८८३ | ३,२६३,०२२ | ५,०४४,३०८ |
| २.व्याज खर्च | १,१९९,७८८ | १४,०९,४९३ | १,५४०,१४४ | २,७९४,५७७ |
| **कूल ब्याज आम्दानी** | **८१८,७१८** | **११,३९,३९०** | **१,७२२,८७८** | **२,२४९,७३१** |
| ३.कमिसन तथा डिस्काउन्ट | ३९,८२५ | ५३,४६८ | ८८,५४७ | १५५,१८९ |
| ४.अन्य संचालन आम्दानी | ८५,४३८ | १,३१,२९५ | २३५,३७४ | ३४८,१६१ |
| ५.सटही घटबढ आम्दानी | १४६,८८९ | १,७८,७४६ | १५३,६२३ | १९४,२६४ |
| **कूल संचालन आम्दानी** | **१,०९०,८७०** | **१५,०२,९००** | **२,२००,४२३** | **२,९४७,३४५** |
| ६.कर्मचारी खर्च | १३४,३८१ | १,८२,३२१ | २५९,४३५ | ३४५,२०९ |
| ७.अन्य संचालन खर्च | २०६,३८२ | २,७५,४४६ | ३२९,६१० | ४२८,६५१ |
| ८.सटही घटबढ नोक्सानी | - | - | - | - |
| **सम्भावित जोखिम व्यवस्था अधिको संचालन मुनाफा** | **७५०,१०६** | **१०,४५,१३४** | **१,६११,३७७** | **२,१७३,४८५** |
| ९. सम्भावित जोखिम व्यवस्थाहरु | ९५,२१२ | १,१९,४४१ | १३४,५३८ | १३२,८६२ |
| **संचालन मुनाफा** | **६५४,८९४** | **९,२५,६९३** | **१,४७६,८३९** | **२,०४०,६२३** |
| १०. गैर संचालन आम्दानीः नोक्सानी | २१,५६६ | ७,३४४ | ७०,६९४ | ४४,७६९ |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १,५२७ | ४१,८६१ | १५,९९९ | ३,३९१ |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **६७७,९८७** | **९७४,८९८** | **१,५६३,५३२** | **२,०८८,७८३** |
| १२. असामान्य कारोवारबाट भएको मुनाफा (घाटा) | -३०८ | -६०९ | - | (२३९) |
| **सम्पुर्ण कारोवार समावेशपछिको खुद मुनाफा** | **६७७,६७९** | **९७४,२९०** | **१,५६३,५३२** | **२,०८८,५४४** |
| १३. कर्मचारी बोनस व्यवस्था | ६१,६०७ | ८८,५७२ | १४१,६०९ | १८६,२८७ |
| १४. आयकर व्यबस्था | **१८८,४७६** | **२,६१,५७६** | **४२१,४९४** | **५६९,३७९** |
| यस वर्षको कर व्यवस्था | १८३,४२८ | २,५९,३४६ | ४२८,०९३ | ५७२,७५१ |
| विगत वर्षसम्मको कर व्यवस्था | १,७७५ | - | ५४९ | |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | ३,२७३ | २,२३१ | -७,१४८ | (३,३७२) |
| **खूद नाफा/नोक्सान** | **४२७,५९६** | **६२४,१४१** | **१,०००,४२९** | **१,३३२,८७८** |
| **शेयर संख्या (हजारमा)** | **२२,१७६** | **२५,५०२** | **३०,६०२** | **६८,९७६** |
| **प्रति शेयर आम्दानी (रु.)** | **१९.२८** | **२४.४७** | **३२.६९** | **१९.३२** |

### ग) समष्टिकृत नाफा नोक्सान बाँडफाँट हिसाबः

(रु. हजारमा)

| विवरण | वास्तविक | | | |
|---|---|---|---|---|
| | आ. व. | आ. व. | आ. व. | आ. व. |
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
| **आम्दानी** | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | २७,१६७ | २८,३४० | १,३२४ | ७,२३३ |
| बागमति डेभलपमेन्ट बैंकको संचित मुनाफा | - | - | - | २,३५० |

| | | | | |
|---|---|---|---|---|
| यस वर्षको मुनाफा | ४२७,५९६ | ६२४,१४१ | १,०००,४२९ | १,३३२,८७८ |
| पुञ्जी जगेडा कोष | - | - | - | ३८,६७५ |
| शेयर प्रिमियम | - | १०,५६४ | - | १६८,७२८ |
| | **४५४,७६२** | **६६३,०४५** | **१,००१,७५२** | **१,५४९,८६३** |
| **खर्च** | - | - | - | - |
| गत वर्षसम्मको संचित नोक्सान | - | - | - | - |
| यस वर्षको नोक्सान | - | - | - | - |
| साधारण जगेडा कोष | ८५,५३५ | १२४,८२८ | १९९,२१२ | २६०,८२४ |
| भैपरी आउने जगेडा | - | - | - | - |
| संस्था विकास कोष | - | - | - | - |
| लाभांश समीकरण कोष | - | - | - | - |
| कर्मचारी दक्षता अभिबृद्धि कोष | - | - | - | ६११ |
| प्रस्तावित लाभांश | १७,५०७ | २६,८४५ | ३६,२४० | - |
| प्रस्तावित बोनस शेयर | ३३२,६४० | ५१०,०४८ | ६८८,५६५ | १,१०३,६२१ |
| विशेष जगेडा कोष | - | - | ११,९२३ | - |
| सटही घटबढ कोष | ५४० | - | ९९५ | १,८६१ |
| पुञ्जी फिर्ता जगेडा कोष | - | - | ५२,८५७ | ५२,८५७ |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | - | - | - | १३,०४१ |
| स्थगन कर जगेडा | - | - | २,५९२ | ३,३८८ |
| लगानी समायोजन कोष | (९,८००) | - | २,१९५ | (२०५) |
| | **४२६,४२३** | **६६१,७२१** | **९९४,५७८** | **१,४३५,९९८** |
| **संचित मुनाफा/(नोक्सान)** | **२८,३४०** | **१,३२४** | **७,१७४** | **११३,८६५** |

**घ) समष्टिकृत नगद प्रवाह विवरणः**

**(रु. हजारमा)**

| **विवरण** | **वास्तविक** | | | |
|---|---|---|---|---|
| | आ. व. | आ. व. | आ. व. | आ. व. |
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | **कारोबार संचालनबाट नगद प्रवाह** | **५५८,७४८** | **८०८,४५२** | **१,०११,२९६** | **१,४१२,५६५** |
| **१.** | **नगद प्राप्ति** | **२,२९५,३५३** | **२,८७५,५५८** | **३,४८७,६०८** | **५,४६९,४३७** |
| १.१ | ब्याज आम्दानी | २,००५,२३८ | २,५०३,४५४ | ३,०९९,८४१ | ४,८२४,५२४ |
| १.२ | कमिशन तथा डिस्काउण्ट आम्दानी | ३९,८२५ | ५३,४६८ | ८८,५४७ | १५६,११२ |
| १.३ | विदेशी विनिमय कारोवारबाट आम्दानी | १४४,७३० | १८२,२६६ | १४९,६४४ | १८६,८२१ |
| १.४ | अपलेखित कर्जाको असुली | - | - | - | - |
| १.५ | अन्य आम्दानी | १०५,५६१ | १३६,३७० | १४९,५७६ | ३०१,९८० |
| **२.** | **नगद भुक्तानी** | **१,७३६,६०४** | **२,०६७,१०६** | **२,४७६,३१२** | **४,०५६,८७२** |
| २.१ | ब्याज खर्च | १,२४५,१८७ | १,४०६,५४२ | १,५२४,६७९ | २,८१०,९६६ |
| २.२ | कर्मचारी खर्च | १४३,०५९ | १८२,३२१ | २५९,३५३ | ३४५,२०९ |
| २.३ | अन्य संचालन खर्च | १५०,१७० | २०२,९१३ | २५२,६६६ | ३४४,७१० |
| २.४ | आयकर भुक्तानी | १९८,१८८ | २७५,३३० | ४३९,६१३ | ५५५,९८६ |
| २.५ | अन्य खर्च | - | - | - | - |
| **कार्यगत पूञ्जी (Working Capital)गतिविधि अघिको नगद प्रवाह** | | **८९३,३७३** | **१७४,३०४** | **१,२९४,५५३** | **९६८,८२६** |
| **संचालन सम्बन्धी चालू सम्पत्तिमा कमी□( वृद्धी)** | | **(५,७२४,९६०)** | **(९,१४९,१२३)** | **(१०,४४२,३७९ )** | **(११,१३९,१८२)** |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी□(वृद्धि) | ३६४,४२० | - | - | - |
| २. | अन्य अल्पकालीन लगानीमा कमी□(वृद्धि) | ३३,८२४ | (५७६,१७४) | ६३०,४४७ | ६०९,४६८ |
| ३. | कर्जा तथा विल्स खरीदमा कमी□(वृद्धि) | (५,३७२,२२६) | (७,९६७,७२०) | (१२,३१०,७५१) | (१०,५१८,९५९) |
| ४. | अन्य सम्पत्तिमा कमी□(वृद्धि) | (७५०,९७७) | (६०५,२२९) | (१,२३७,९२४) | (१,२२९,६९१) |
| **संचालन सम्बन्धी चालू दायित्वमा ( कमी)□वृद्धी** | | **६,६१८,३३२** | **९,३२३,४२७** | **११,७३६,९३२** | **१२,१०८,००८** |
| १. | निक्षेप दायित्वमा (कमी)□वृद्धि | ७,०८४,५२० | ९,१७१,४६७ | १२,२९८,८६५ | १०,९१४,२२१ |
| २. | सर्टिफिकेट अफ डिपोजिटमा (कमी)□वृद्धि | - | - | - | - |
| ३. | अल्पकालीन सापटीमा (कमी)□वृद्धि | (९२९,६९८) | (९६,२०२) | २२१,४६० | (२२१,४६०) |
| ४. | अन्य दायित्वमा (कमी)□वृद्धि | ४६३,५१० | २४८,१६३ | (७८३,३९३) | १,४१५,२४७ |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | **२४,२९३** | **(३,६०५,२४०)** | **(३,४८३,३११)** | **१,०६६,९७७** |
| १. | दीर्घकालीन लगानीमा कमी□(वृद्धि) | ९८,८९५ | (३,४५२,३११) | (३,४८४,१३९) | ९४६,८४० |
| २. | स्थीर सम्पत्तिमा कमी□(वृद्धि) | (८८,९५९) | (१८५,०६९) | (११६,९४७) | (१४४,८५६) |
| ३. | दीर्घकालीन लगानीमा ब्याज आम्दानी | १३,२२१ | ३०,४७९ | ११५,९३९ | २४७,२१७ |
| ४. | लाभांश आम्दानी | १,१३५ | १,६६० | १,८३६ | ६,४२१ |
| ५. | अन्य | - | - | - | ११,३५६ |
| (ग) | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **३४७,८४०** | **८८५,१२०** | **२,८१५,०३८** | **(१२३,८८१)** |
| १. | दीर्घकालीन ऋण (वण्ड,डिवेन्चर आदि) मा वृद्धि /( कमी) | - | - | ३७०,००० | - |
| २. | शेयर पूजी/कल्स ईन एडभान्समा वृद्धि /(कमी) | - | - | १,०७१,७४४ | २,१६०,१६२ |
| ३. | शेयर प्रिमियममा वृद्दि/(कमी) | - | - | - | १६५,४२८ |
| ४. | नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि /(कमी) | ३४७,८४० | ८८५,१२० | १,३७३,२९४ | (२,४४९,४७०) |
| (घ) | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी /खर्च** | **२,१६०** | **(३,५१९)** | **३,९८०** | **७,४४२** |
| () | **यस वर्षको सम्पूर्ण गतविधिबाट नगद प्रवाह** | **१,८२६,४१४** | **(१,७४०,८८३)** | **१,६४१,५५५** | **३,३३१,९३०** |

| | | | | | |
|---|---|---|---|---|---|
| (च) | नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १,६८५,५०१ | ३,५११,९१४ | १,७७१,०३१ | ३,५८२,३७० |
| (छ) | नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ३,५११,९१४ | १,७७१,०३१ | ३,४१२,५८६ | ६,९१४,३०० |

### ङ) विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरणः

| विवरणहरु | वास्तविक | | | |
|---|---|---|---|---|
| | आ. व. | आ. व. | आ. व. | आ. व. |
| | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
| चुक्ता पूँजी | २,२१७,६०० | २,५५०,२४० | ३,०६०,२८८ | ६,८९७,६३४ |
| कल्स इन एडभान्स | - | - | ९६१,७४४ | - |
| प्रस्तावित बोनस शेयर | ३३२,६४० | ५१०,०४८ | ६८८,५६४ | १,१०३,६२१ |
| जगेडा तथा कोषहरु | २८३,१५७ | ३७०,४०६ | ६४१,६५५ | १,०५९,५७८ |
| **जम्मा खुद सम्पत्ती (Total Networth)** | **२,८३३,३९७** | **३,४३०,६९४** | **५,३५२,२५१** | **९,०६०,८३३** |
| शेयर संख्या (बोनस सहित) | **२५,५०२,४००** | **३०,६०२,८८०** | **४७,१०५,९६०** | ८०,०१२,५५० |
| खुद नाफा/नोक्सान | **४२७,५९६** | **६२४,१४१** | **९९६,०५४** | **१,३०४,१०३** |
| प्रतिशेयर नेटवर्थ | १११.१० | ११२.१० | ११३.६२ | ११३.२४ |
| प्रति शेयर आम्दानी (EPS) | १९.२८ | २४.४७ | ३२.५५ | १८.९१ |
| नेटवर्थमा प्रतिफल प्रतिशत | १७.३५ | २१.८३ | २७.७९ | १६.७० |

**८६. योजना व्यवस्थापक सम्बन्धी विवरण :**

**६.१ योजना व्यवस्थापकको परिचय :**

(क) **योजना व्यवस्थापकको नाम :** श्री सानिमा क्यापिटल लिमिटेड।

(ख) **योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरणः**
योजना व्यवस्थापक कम्पनीः श्री सानिमा क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा स्थापना भएको हो।

(ग) **योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना :**
बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १, नारायणचौर, नक्साल।

(घ) **योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :**
श्री सानिमा क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७२/०८/२३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको संस्था हो। कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेण्ट बैंकरको रुपमा कार्य गर्न बोर्डबाट मिति २०७३/०५/१६ मा अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेण्ट बैंकिंग सेवा प्रदान गर्दै आएको छ। कम्पनीले आफ्नो स्थापना वर्षमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवासमेत प्रदान गर्दै आईरहेको छ।

(ङ) **योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :**
प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने।
३. लगानीकर्ताहरुको पुँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकतानुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने।
५. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने।

**६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति**

**(क) व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

कम्पनीले बजारको अवस्था हेरी आफ्नो पहिलो र यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरु समेत सञ्चालनमा ल्याउनेछ। कम्पनीले पहिलो बन्दमुखी योजनाको सुरुवात पश्चात खुलामुखी योजनाहरुमा जोड दिनेछ साथै आगामी दिनहरुमा सर्वसाधारण लगानीकर्ताहरुलाई लक्षित नविनतम योजनाहरुको शुरुवात गर्नेछ।

कम्पनीले धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा निष्कासन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापनको कार्य गर्न अनुमतिपत्र पनि प्राप्त गरेको हुनाले योजना ब्यवस्थापनका साथै आगामी दिनहरुमा ग्राहकवर्गमाझमा विश्वसनीयताका साथ मर्चेन्ट बैंकिंग सम्बन्धि सेवालाई सशक्त रुपमा बिस्तार गर्दै लाने रणनिति लिएको छ। साथै कम्पनीले संस्थागत परामर्शदाताको रुपमा कार्य गर्ने योजना समेत बनाएको छ। कम्पनीले समय सापेक्ष आफनो प्रविधि सुधार गरी नेपाल भर आफनो सेवा विस्तार गर्ने तथा इन्भेष्टमेन्ट बैंकिंग क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यस्थापकको व्यवसायको भविष्य :**

नेपाली पूंजी बजारमा सामूहिक लगानी कोषको अवधारणा हालसालै विकास भएको हो। यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरु सेवाको प्राथमिक चरणमै रहेका छन्। यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ। कम्पनीले आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी भविष्यमा पूंजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएको छ।

**६.३ योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्वसम्बन्धी व्यवस्था :**

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | समूहका शेयरधनी श्री सानिमा बैंक लिमिटेडबाट प्रतिनिधि | ४ जना |
| २ | स्वतन्त्र व्यवसायिक सञ्चालक | २ जना |
| **जम्मा** | | **६ जना** |

स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्ने प्रावधान रहेको छ।

**६.४ योजना व्यवस्थापकको पूंजी संरचना (अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पूंजी) सम्बन्धी जानकरी**

**क) अधिकृत पूंजी** :कम्पनीको अधिकृत पूंजी रु.२०,००,००,०००।- (बीस करोड) रहेको छ। सो पूंजीलाई प्रति शेयर रु.१००।- दरका २०,००,००० (बीस लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।

**ख) जारी पूंजी** :कम्पनीको जारी पूंजी रु.११,००,००,०००।- (एघार करोड) रहेको छ। सो पूंजीलाई प्रति शेयर रु.१००।- दरका ११,००,००० (पन्ध्र लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।

**ग) चुक्ता पूंजी :** कम्पनीको तत्काल चुक्ता पूंजी रु. ११,००,००,०००।- (एघार करोड ) रहेको छ। सो पूंजीलाई प्रति शेयर रु.१००।- दरका ११,००,००,००० ( एघार करोड ) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ।

**६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालकसम्बन्धी जानकारी**

**(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :**

| क्र.सं. | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १ | श्री सानिमा बैंक लिमिटेड | नारायणचौर नक्साल, काठमाण्डौ। | नेपाली | १००% | लागू नहुने | बैंकिंग क्षेत्रमा १२ बर्ष भन्दा बढी देखि सेवा दिइरहेको ‘‘क’ बर्गको इजाजतप्राप्त बैंक |

**(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :**

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | ठेगाना | राष्ट्रियता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १ | श्री तेज बहादुर चन्द (सानिमा बैंक लि. को तर्फबाट) | अध्यक्ष | ५२ | भैंसेपाटी वडा नं. १०, ललितपुर। | नेपाली | एम.बि.ए | क वर्गको बैंकमा करिव २६ बर्ष भन्दा बढिको बैकिङ्ग कार्यअनुभव हाल सानिमा बैंकमा नायब प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | श्री निश्चल राज पाण्डे<br>(सानिमा बैंक लि. को तर्फबाट) | सञ्चालक | ४४ | का.म.न.पा ३३ | नेपाली | एम.बि.ए | नबिल बैंकमा बिभिन्न पदमा रहि करिब २० बर्षको कार्यअनुभब<br>हाल सानिमा बैकमा प्रमुख जोखिम ब्यबस्थापन अधिकृतको रुपमा कार्यरत |
| ३ | श्री सरोज गुरागाईं<br>(सानिमा बैंक लि. को तर्फबाट) | सञ्चालक | ४१ | सुनाकोठी ललितपुर | नेपाली | सी.ए तथा एम.बि.ए | राष्ट्रिय वाणिज्य बैंकमा दुई बर्षको तथा एन.आइ.सी बैंकमा छ बर्षको कार्यअनुभब<br>हाल सानिमा बैकमा प्रमुख वित्त अधिकृतको रुपमा कार्यरत |
| ४ | पवन कुमार आचार्य<br>(सानिमा बैंक लि. को तर्फबाट) | सञ्चालक | ४६ | मनभवन ५/९८ घ ललितपुर | नेपाली | एम.बि.ए तथा बि.ई | क वर्गको बैंक.मा १३ वर्ष भन्दा बढिको कार्यानुभव<br>नेपाल बायर्न इलेक्ट्रीक प्रा.लि मा ४ वर्ष भन्दा बढिको कार्य अनुभव |
| ५. | श्री श्रीप्रसाद पौड्याल | स्वतन्त्र व्यवसायीक सञ्चालक | ५८ | म्हेपि, वडा नं. १६, काठमाण्डौ | नेपाली | एमए, एम.ए.सि | नेपाल राष्ट्र बैंकमा ब्यबस्थापकिय तहमा १० बर्ष भन्दा बढिको कार्य अनुभब<br>युवा तथा साना ब्यबसायि स्वरोजगार कोष सचिबालयमा नायब कार्यकरी सञ्चालक |
| ६ | श्री  बलराम पराजुली | स्वतन्त्र व्यवसायीक सञ्चालक | ५९ | बुढानिलकण्ठ | नेपाली | एम.बि.ए | नेपाल राष्ट्र बैंक मा ब्यवस्थापकिय तहमा २९ वर्षभन्दा बढीको कार्यअनुभव, |

**(ग) संस्थापकहरु कुनै कम्पनी/ संस्था भएमा त्यस्तो कम्पनी/ संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थापक कम्पनीको नाम तथा ठेगाना | व्यवसाय | सञ्चालकहरुको | | |
|---|---|---|---|---|---|
| | | | नाम | पद | ठेगाना |
| १. | श्री सनिमा बैंक लि., नारायणचौर नक्साल काठमाण्डौ | बैंकिङ्ग | श्री विनयकुमार श्रेष्ठ (संस्थापक समूहबाट | अध्यक्ष | गोरखकाली-१, गोरखा, हाल : चपली-४, काठमाण्डौ। |
| | | | श्री तुकप्रसाद पौडेल (संस्थापक समूहबाट) | सञ्चालक | सौडियार-१, दाङ हाल: काठमाण्डौ। |
| | | | डा. शम्ब लामा (संस्थापक समुहबाट) | सञ्चालक | ओखलढुङ्गा-५, ओखलढुङ्गा हाल: काठमाण्डौ। |
| | | | श्री भरतकुमार पोखरेल (सर्वसाधारण समूहबाट) | सञ्चालक | का.म.पा.-३४, नयाँवानेश्वर, काठमाण्डौ। |
| | | | श्री महेश घिमिरे (सर्वसाधारण  समूहबाट) | सञ्चालक | विराटनगर-४, मोरङ हाल: मध्यपुर थिमी, भक्तपुर। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | श्री भरत बहादुर थापा (व्यावसायिक विशेषज्ञ संचालक) | सञ्चालक | महेशपुर पतारी गा.वि.स -९, सिराहा । हाल:काठमाण्डौ-६, सरस्वतीनगर। |

**(घ) सँगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी/संस्थासंग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना :**

| क्र.सं. | सञ्चालकको नाम | आवद्ध अन्य संस्थाको नाम तथा ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री तेज बहादुर चन्द | सानिमा बैंक लिमिटेड, काठमाडौं, नेपाल | नायब प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री निश्चल राज पाण्डे | सानिमा बैंक लिमिटेड, काठमाडौं , नेपाल | प्रमुख जोखिम ब्यबस्थापन अधिकृत |
| ३. | श्री सरोज गुरागाईं | सानिमा बैंक लिमिटेड, काठमाडौं , नेपाल | प्रमुख वित्त अधिकृत |
| ४. | श्री पवन कुमार आचार्य | सानिमा बैंक लिमिटेड, काठमाडौं, नेपाल | प्रमुख परियोजना लगानी अधिकृत |
| ५. | श्री श्रीप्रसाद पौड्याल | सो नभएको। | - |
| ६. | श्री बलराम पराजुली | सो नभएको। | |

**(ङ) सञ्चालकहरुलाई दिइएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

सञ्चालकहरुलाई दिइने भत्ता तथा पारिश्रमिक सम्बन्धमा नियमावलीको नियम ५ मा देहाय अनुसारको व्यवस्था रहेको छ :

(१) सञ्चालक समिति वा अन्य उपसमितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक प्रत्येक सञ्चालक तथा आमन्त्रितलाई रू ७,०००/– भत्ता प्रदान गरिनेछ। तर त्यस्ता आमन्त्रित व्यक्ति कम्पनीका कर्मचारी भएमा निजलाई सो भत्ता प्रदान गरिने छैन।

**नोटः** सानिमा बैंकको तर्फ बाट प्रतिनिधित्व गर्नुहुने सञ्चालकहरुले हालसम्म बैठक भत्ता लिनुभएको छैन। कम्पनीको सञ्चालक समितिका पदाधिकारीहरुलाई अन्य कुनै प्रकारको सुविधा प्रदान गर्ने गरिएको छैन।

**६.६ योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी**

**(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभव सम्बन्धी विवरण :**

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|
| १ | श्री मनिष नारायण जोशी | प्रमुख कार्यकारी अधिकृत | ३७ | एम.बि.ए | - सानिमा क्यापिटल लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा विगत १८ महिना देखी कार्यरत रहेको।<br>- नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडमा प्रमुख कर्पोरेट फाइनान्स तथा रिसर्चको रुपमा लगानी व्यवस्थापन तथा रिसर्च क्षेत्रको करिब ५वर्षभन्दा बढीको कार्यानुभव<br>Infinity Multipurpose प्रा.लि.मा परामर्शदाताको रुपमा २ वर्षको कार्यानुभव<br>सनराईज बैंक लि. मा कर्जा अधिकृतको रुपमा २ वर्षको बैंकिंग अनुभव<br>Prescio Consulting LLC, USA मा वित्त विश्लेषकको रुपमा २ वर्षको कार्यानुभव |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री मन्दिप लुईटेल | प्रमुख - इन्भेष्टमेन्ट बैकिङ्ग | ३१ | एम.बि.ए.( फाइनान्स) एम.ई( इलेक्ट्रिकल पावर इन्जिनियरिङ्ग, केयु | - सानिमा क्यापिटल लि.मा इन्भेष्टमेण्ट बैंकिङ्ग प्रमुख को रुपमा विगत ४ महिना देखी कार्यरत रहेको ।<br>–आईसि.आईसि. आई बैंक मुम्बईमा करिब १८ महिना मेनेजरको रुपमा कार्य अनुभव<br>–काठमाण्डौ इन्जिनियरिङ्ग कलेजमा दुई बर्ष अध्यापनको अनुभव |
| ३ | श्रीमति रश्मी रिजाल | प्रमुख– मर्चेण्ट बैंकिंग | ३६ | एम.बि.एस | - सानिमा क्यापिटल लि.मा मर्चेण्ट बैंकिङ्ग प्रमुख को रुपमा विगत १५ महिना देखी कार्यरत रहेको ।<br>-एस क्यापिटल लिमिटेडमा करिब १० बर्षको कार्य अनुभव<br>-एन.आइ.डि.सि.क्यापिटल मार्केट्स लिमिटेडमा करिब १ बर्षको कार्य अनुभव |

**(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिकसम्बन्धी विवरण :**

| **क्र.सं.** | **नाम** | **पद** | **श्रावण १, २०७३ देखि आषाढ मसान्त, २०७४ को एक आर्थिक वर्षको तलब तथा भत्ता (रू.)** |
|---|---|---|---|
| १ | श्री मनिष नारायण जोशी | प्रमुख कार्यकारी अधिकृत | १८,९३,६००/- |
| २ | श्री मन्दिप लुईटेल | प्रमुख - इन्भेष्टमेन्ट बैकिङ्ग | १,६०,०००/-* |
| ३ | श्रीमति रश्मी रिजाल | प्रमुख– मर्चेण्ट बैंकिंग | ७,६१,७६०/- |

* *उल्लेखित अवधिमा दुई महिनामात्र कार्यरत रहेको ।*

**६.७ योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण :**

**क. वासलात** **लेखा परीक्षण भएको**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | |
|---|---|---|
| | २०७२/७३ | २०७३/७४ |
| शेयर पूँजी | ११०,०००.०० | ११०,०००.०० |
| जगेडा कोषहरु | १,०७४.५२ | ५,६१५.८९ |
| स्थगन कर | ९५.४८ | ११२.४२ |
| अन्य दायित्व तथा व्यवस्था | ४,०७९.९८ | ४२७,६४४.३३ |
| **जम्मा** | **११५,२४९.९८** | **५४३,३७२.६३** |
| **सम्पत्ति** | **२०७२/७३** | **२०७३/७४** |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ७९,१२५.२७ | ४४८,१३२.९३ |
| गैर चालु सम्पत्ति | - | - |
| स्थिर सम्पत्ति | ८,३२६.३५ | १०,४४२.०० |
| लगानी | २७,१४३.४३ | ७२,७३१.१० |
| अन्य सम्पत्ति | ६५४.९३ | १२,०६६.६१ |

**ख. नाफा नोक्सान हिसाब** **लेखा परीक्षण भएको**

| विवरण | वास्तविक (रु. हजारमा) | |
|---|---|---|
| | २०७२/७३ | २०७३/७४ |

| | | |
|---|---|---|
| **आम्दानी** | | |
| मर्चेन्ट बैकिङ्ग आम्दानी | - | ४७,८०३.१० |
| लगानी ब्यबस्थापन बाट आम्दानी | - | ३१४.२५ |
| ब्याज आम्दानी | ५७६.१० | ७,६१२.८५ |
| अन्य आम्दानी | ७,५३५.८२ | २,१०१.११ |
| **जम्मा आम्दानी** | **८,१११.९२** | **५७,७३१.३०** |
| **खर्च** | ( | - |
| कर्मचारी खर्च | ६२४.४५ | ६,११०.२६ |
| साधारण सञ्चालन खर्च | १,४०५.४१ | ६,८८९.४९ |
| ह्रासकट्टी खर्च | २४९.३७ | २,०४७.६६ |
| ब्याज खर्च | - | - |
| **जम्मा खर्च** | **२,२७९.२३** | **१५,०४७.४१** |
| **सञ्चालन मुनाफा** | **५,८३२.६९** | **४२,६८३.९०** |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **५,८३२.६९** | **४२,६८३.९०** |
| शेयरको पुनर्मुल्याङकन बाट नोक्सान | - | ( |
| शेयरको मुल्याङकन | - | - |
| कर्मचारी बोनस व्यवस्था | - | - |
| **कर्मचारी बोनस ब्यबस्था अगाडिको नाफा** | **५,८३२.६९** | **४२,६८३.९०** |
| कर्मचारी बोनस व्यवस्था | - | - |
| **कर अगाडिको नाफा** | **५,८३२.६९** | **४२,६८३.९०** |
| **आयकर व्यवस्था** | **१,४५८.१७** | **१०,६०९.५६** |
| यस वर्षको | १,३६२.७० | १०,५९२.६३ |
| स्थगन कर | ९५.४८ | १६.९४ |
| **खुद नाफा/(नोक्सान)** | **४,३७४.५२** | **३२,०७४.३३** |

**ग. नगद प्रवाह विवरण** **लेखा परीक्षण भएको**

| विवरण | | वास्तविक (रु. हजारमा) | |
|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ |
| (क) | **कारोवार संचालनबाट नगद प्रवाह** | (२,६८७.३६) | ४१९,५८६.९२ |
| **१** | **नगद प्राप्ति** | **५८०.१५** | **५३,४८४.२१** |
| १.१ | मर्चेन्ट बैंकिंगबाट आम्दानी | - | ३,०३४.७३ |
| १.२ | लगानी ब्यबस्थापन बाट आम्दानी | - | ३१४.२५ |
| १.३ | ब्याज आम्दानी | ५७६.१० | ५०,१९८.६१ |
| १.४ | अन्य आम्दानी | ४.०५ | ३६.६२ |
| **२** | **नगद भुक्तानी** | **३,३४०.९१** | **१४,४३२.४७** |
| २.१ | कर्मचारी खर्च | ५४२.३४ | ६,११०.२६ |

| | | | |
|---|---|---|---|
| २.२ | कार्यालय संचालन खर्च | १,३०५.४१ | ६,८७८.६९ |
| २.३ | ब्याज खर्च | - | - |
| २.४ | आयकर भुक्तान | १,४९३.१६ | १,४४३.५२ |
| **गत आर्थिक वर्ष सम्मको मुनाफामा समायोजन** | | | - |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | | | ७३.४० |
| | **संचालनसम्बन्धी चालु सम्पत्तिमा बृद्धि/(कमी)** | (५२४.४७) | (१८,३१८.४०) |
| १ | लगानीमा (बृद्धि)/कमी | - | - |
| २ | अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (५२४.४७) | (१८,३१८.४०) |
| **संचालनसम्बन्धी चालु दायित्वमा बृद्धि/(कमी)** | | | ५९७.८७ |
| १ | सापटमा बृद्धि/(कमी) | - | - |
| २ | अन्य दायित्वमा बृद्धि/(कमी) | ५९७.८७ | ३९८,८८६.५३ |
| **(ख)** | **लगानी कारोबारमा नगद प्रवाह** | (२८,१८७.३७) | (४७,२७९.२६) |
| १ | दिर्धकालिन लगानीमा (बृद्धि)/कमी | (१९,६११.६५) | (४५,०५९.११) |
| २ | स्थिर सम्पत्तिमा (बृद्धि)/कमी | (८,५७५.७२) | (४,१६३.३१) |
| ३ | दीर्घकालीन लगानीबाट व्याज आम्दानी | - | १,८५५.२१ |
| ४ | लगानीबाट प्रतिफल / लाभांश प्राप्ति | - | ८७.९५ |
| **(ग)** | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | ११०,०००.०० | (३,३००.००) |
| १ | शेयर पूँजीमा बृद्धि/(कमी) | ११०,०००.०० | - |
| २ | लाभांश भुक्तान | - | (३,३००.००) |
| **घ)** | **नगद तथा बैंक मौज्दातको बिनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - | - |
| **(ङ)** | **यस बर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | ७९,१२५.२७ | ३६९,००७.६६ |
| **(च)** | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | - | ७९,१२५.२७ |
| **(छ)** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ७९,१२५.२७ | ४४८,१३२.९३ |

**६.८ योजना व्यवस्थापकको लेखा नीतिसम्बन्धी व्यवस्था :**

योजना व्यवस्थापकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट निर्धारित Nepal Accounting Standard (NAS) अनुरुपको लेखा नीति पालना गरेको छ।

**६.९ योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना :**

योजना व्यवस्थापकको आ.व.२०७३/७४ को हरहिसाब लेखापरीक्षण गर्न कम्पनीको प्रथम बार्षिक साधारण सभाले श्री एल.डि.एस.ए एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स, बिशाल बस्ती (क) ६४ बिशालनगर काठमाडौं लाई नियुक्त गरेको छ।

**६.१० योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सोसम्बन्धी विवरण**

सो नभएको।

**६.११ यो योजनाभन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण :**

सो नभएको।

**६.१२ योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत :**

योजना व्यवस्थापकको रेटिङ्ग सम्बन्धी सङ्केत देहाय बमोजिम रहेको छ।

रेटिङ्ग कम्पनी: श्री इक्रा नेपाल लिमिटेड, काठमाडौं।

## ७. कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौतासम्बन्धी विवरण :

### ७.१ कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता

| क्र.सं. | नाम | ठेगाना | उमेर | योग्यता |
|---|---|---|---|---|
| १ | बरिष्ठ सि.ए तिर्थराज उपाध्याय | लालकोलोनि मार्ग, लालदरबार, काठमाण्डौ। | ६९ | • सि.ए -इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्स, इन्डिया<br>• स्नातक, कमर्स (त्रिभुवन विश्वविद्यालय, नेपाल) |
| २ | श्री ख्याम नारायण ढकाल | सानोभऱ्याङ्ग, काठमाण्डौ। | ५९ | • एम.बि.ए (टि.यु) |
| ३ | श्री ललित बहादुर बस्नेत | धापासि, काठमाण्डौ। | ४६ | • एल.एल.एम (संवैधानिक कानुन) एम.पि.ए, एम.ए |
| ४ | श्री हेमन्त कुमार दवाडि | रामकोट, फस्कु, नागार्जुन नगरपालिका, काठमाण्डौ। | ६२ | • पि.एच.डि रिजनल प्लानिङ्ग तथा प्रोग्रामीङ्ग<br>• एम.एस.सि आर्थिक योजना ,मुख्य बिषयःआर्थिक सिद्धान्त, योजना, गणित, तथ्याङ्कशास्त्र (मस्को) |
| ५ | श्री माधब प्रसाद ढकाल | श्रीराम मार्ग, बत्तिसपुतली, काठमाण्डौ। | ६६ | • स्नातकोत्तर- अर्थशास्त्र, स्नातक- कानून (त्रिभुवन विश्वविद्यालय, नेपाल) |

### ७.२ कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी

| क्र.सं. | नाम | व्यावसायिक अनुभव | मुख्य पेशा/व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| १ | बरिष्ठ सि.ए तिर्थराज उपाध्याय | ३० बर्ष भन्दा बढिको पेसागत अनुभब। | चार्टर्ड एकाउन्टेन्टस् | टि.आर उपाध्याय एण्ड कम्पनि चार्टर्ड एकाउन्ट्स फर्मको सञ्चालक |
| २ | श्री ख्याम नारायण ढकाल | नेपाल राष्ट्र बैंकमा २७ बर्ष भन्दा बढि को कार्यअनुभब कार्यकारी निर्देशक पद बाट हाल सेवा निवृत। | बैकिङ्ग | सेवा निबृत तथा समाजसेवामा संलग्न |
| ३ | श्री ललित बहादुर बस्नेत | कानुनी सल्लाहकार नेपाल बैंक लिमिटेड, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, ग्लोबल आइएमइ बैंक लिमिटेड, रेडियो नेपाल, प्रथम राष्ट्रपतिको मन्त्रिस्तरिय कानुनी सल्लाहकार तथा निजि सचिब। | कानुन ब्यबसाय | वकालत |
| ४ | श्री माधब प्रसाद ढकाल | अर्थमन्त्रालय अन्तर्गत बैदेशिक सहायता समन्वय महाशाखामा १५ बर्षभन्दा बढिको अनुभब, उच्चस्तरिय कर प्रणाली पुनरावलोकन आयोगमा सदस्य, लोक सेवा आयोग, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सहसचिबको रूपमा कार्य अनुभब। | निजामति सेवा बाट अबकाश प्राप्त | परामर्शदाता |
| ५ | श्री हेमन्त कुमार दवाडि | नेपाल उद्योग बाणिज्य महासंघ मा नायब प्रबन्धक पदमा लामो समय कार्य गरेको अनुभब। सरकारको अर्थ,बाणिज्य तथा उद्योग मन्त्रालय सँग सम्बन्धित आर्थिक निति निर्धारणमा सल्लाकारको भुमिका। समृद्धि फाउन्डेशनमा सिनियर फेलोको रूपमा कार्यरत वर्ल्ड बैंकमा सल्लाहकारको अनुभब राष्ट्रिय योजना आयोगमा सल्लाहकारको अनुभब। | अर्थबिद् | समृद्धि फाउन्डेसनमा सिनियर फेलो को रूपमा कार्यरत |

### ७.३ योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी स्विकृतिका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाही बारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ।

### ७.४ कोष प्रबर्द्धक र कोष सुपरिवेक्षकबीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु :

१. कोष प्रबर्द्धक तथा कोष सुपरिवेक्षकले नियमावलीको अधीनमा रही व्यावसायिक ढङ्गले आफ्नो दायित्व निर्वाह गर्ने।
२. योजना ब्यबस्थापकले कानुन तथा सम्झौताको परिधि भित्र रहेर कोषको प्रयोग गरेको छ छैन सुनिश्चतता गर्ने।
३. योजना ब्यबस्थापक तथा निक्षेपकको सुपरिबेक्षण गर्ने।
४. एकाइको खुद नेट वर्थको परिक्षण गर्ने।
५. एकाइ अन्तर्गतको सम्पत्ति तथा महत्वपुर्ण कागजातको सुरक्षाको अबस्थाको बारेमा सुपरिबेक्षण गर्ने।
६. धितोपत्र वोर्डबाट पाएको अनुमति अनुसार एकाइको सञ्चालन भएको छ छैन सुपरिबेक्षण गर्ने।
७. योजना ब्यबस्थापकले अद्यावधिक रूपमा अभिलेख राख्ने गरेको छ छैन सुपरिबेक्षण गर्ने।
८. एकाइ होल्डरहरुबाट आएको गुनासोहरु यथासक्य समाधान भएको छ छैन त्यसको बारेमा अनुगमन गर्ने।
९. कोष सुपरिबेक्षकले प्राप्त गर्ने सेवा शुल्क एकाइको खुद सम्पत्ति मुल्यको आधारमा निर्धारण हुनेछ। यस्तो खुद सम्पत्ति मुल्यको गणना आर्थिक बर्षको अन्तमा निर्धारण हुनेछ। अथवा यसको विकल्पको रूपमा आपसि सहमतिमा स्थिर सेवा शुल्क पनि निर्धारण गर्न सकिनेछ। यस्तो स्थिर सेवा शुल्क कोष प्रबर्द्धकले निर्धारण गर्नेछ।
१०. कोष सुपरिबेक्षकले प्राप्त गर्ने सेवा शुल्कमा कर लाग्नेछ।
११. कोष सुपरिवेक्षकले आफू आवद्ध भएका अन्य कम्पनी, संस्था, वित्तीय मध्यस्त वा अन्य कुनै पनि संस्थासँग सानिमा म्यूचुअल फण्ड सम्बन्धी विषयमा निकट सम्बन्ध कायम नगर्ने।
१२. कोष सुपरिवेक्षकले हरेक योजनालाई सुपरिवेक्षण गरे वापत योजनाको खुद सम्पत्ति मूल्यको अधिकतम ०. ५०% सेवा शुल्क वार्षिक रुपमा नियमावलीमा भएको व्यवस्थाबमोजिम प्राप्त गर्ने र सो प्राप्त शुल्कको ५% रकम कोष सुपरिवेक्षकले बोर्डमा आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र जम्मा गर्नुपर्ने।
१३. सम्झौताको अवधि सम्झौता भएको मिति बाट योजना कायम भएको वर्षसम्म रहनेछ तर एक पक्षले अर्को पक्षलाई तोकिएको समयावधिभन्दा पहिले सम्झौता खारेज गर्न ३५ दिनको पूर्व जानकारी गराएमा सम्झौता रद्द गर्न सक्नेछ।
१४. कोष सुपरिवेक्षकले ३५ दिनको पूर्व लिखित जानकारी कोष प्रबर्द्धकलाई दिई सम्झौता रद्द गर्न सक्ने। तर आफ्नो पुर्व कामको जिम्मेवारीको जवाफदेहिता कायम रहनेछ।
१५. कोष प्रबर्द्धकले सम्झौता रद्द गर्नुको कारण (सम्झौता अनुरुप कार्य नगरेको वा प्रचलित कानुन विपरित कार्य गरेको) खुलाई ३५ दिनको पूर्व लिखित जानकारी कोष सुपरिवेक्षकलाई दिई सम्झौता रद्द गर्न सक्नेछ।
१६. दुबै पक्षले योजनासँग सम्वद्ध सूचना तथा जानकारीको गोपनीयता प्रचलित नियम कानुनले माग गरेबमोजिम कायम राख्नुपर्नेछ।
१७. सम्झौतापत्रमा उल्लेख भएका शर्तहरु बोर्डको पूर्वस्वीकृति लिएर मात्र दुवै पक्षको आपसी समझदारीमा संशोधन हुन सक्ने।

## ८ योजना सम्बन्धी जानकारी :

### ८.१ योजना सम्बन्धी विवरण

| | | | |
|---|---|---|---|
| १ | क | योजनाको नाम | **सानिमा इक्वीटी फण्ड** (Sanima Equity Fund) |
| | ख | योजनाको आकार | रु. १,२०,००,००,०००/- (एक अर्ब बिस करोड) |
| | ग | योजनाको प्रकार | बन्दमुखी (Close-end) |
| २ | क | निष्काशन गर्न लागिएको इकाई सङ्ख्या | १२,००,००,००० (बाह्र करोड) |
| | ख | प्रति इकाई मूल्य | रु. १०/- (अक्षरेपी दश) |
| | ग | न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या | ६,००,००,००० (छ करोड) |

| | | | |
|---|---|---|---|
| | घ | अधिकतम सकारिने इकाई सङ्ख्या | १५,००,००,००० (पन्ध्र करोड ) |
| | ङ | योजनाको अवधि | ७ वर्ष |
| | च | योजना परिपक्व हुने मिति | योजनाको इकाई बाँडफाँट भएको मितिले ७ वर्ष। |
| | छ | सूचिकरण तथा दोस्रो बजार कारोवार व्यवस्था | इकाईहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने। |
| | ज | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | योजना व्यवस्थापक कम्पनीले नै डिपोजिटरीको कार्य गर्ने। सो कार्य कम्पनीको नक्सालस्थित कार्यालयबाट प्रदान गरिने। |

**८.२ योजनाको उद्देश्य :**

इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो।

**८.३ योजनाले लगानी गर्ने क्षेत्र :**

नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही योजनाको रकम देहाय बमोजिम लगानी हुनेछ :

१. बोर्डमा दर्ता भएको धितोपत्र।
२. सार्वजनिक निष्काशन भएको धितोपत्र।
३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र।
४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु।
५. बैंक निक्षेप।
६. मुद्रा बजार उपकरण।
७. बोर्डले तोकिदिएको अन्य क्षेत्र।

माथि बुँदा १, २ र ३ अन्तर्गतका उपकरणहरुमा योजनाको ८० प्रतिशतसम्म रकम लगानी हुनेछ, बुँदा ४, ५ र ६ अन्तर्गतका उपकरणहरुमा योजनाको २० प्रतिशतसम्म रकम लगानी हुनेछ भने बुँदा ७ अन्तर्गतको क्षेत्रमा बोर्डबाट स्वीकृति प्राप्त भए अनुरुपको प्रतिशतमा लगानी हुनेछ।

**द्रष्टव्य:** उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ।

**विदेशमा लगानी गर्ने भए सो सम्बन्धी व्यवस्था :**

यस योजनाको रकमलाई हाल विदेशमा लगानी गर्ने कुनै योजना नरहेको भएतापनि भविष्यमा उपलब्ध अवसरको अध्ययन गरी नियामक निकायबाट आवश्यक स्वीकृति लिई नियमावलीको व्यवस्था बमोजिम विदेशमा लगानी गर्न सकिने।

**८.४ योजनाको बित्तीय प्रक्षेपणसम्बन्धी विवरण:**

**क. वासलात**

| | **बर्ष १** | **बर्ष २** | **बर्ष ३** | **बर्ष ४** | **बर्ष ५** | **बर्ष ६** | **बर्ष ७** |
|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | | | |
| लगानि | ८८७,२२०,५०० | १,२२१,४९१,९४३ | १,४०८,८५१,४६३ | १,५३६,१३८,०७० | १,७०९,३९३,८०७ | १,९४७,६४२,८३१ | १,८६५,२००,७३२ |
| चालु सम्पत्ति | ४३८,६९६,४४२ | २६५,४८१,३८१ | १७४,६२९,००७ | १६९,०७३,७२६ | १३७,३७१,६०८ | ६११,०९,१४३ | २१६,०३६,७०६ |
| **कुल सम्पत्ति** | **१,३२५,९१६,९४२** | **१,४८६,९७३,३२४** | **१,५८३,४८०,४७०** | **१,७०५,२११,७९६** | **१,८४६,७६५,४१५** | **२,००८,७५१,९७४** | **२,०८१,२३७,४३८** |
| **दायित्व** | | | | | | | |
| एकाइ पुँजि | १,२००,०००,००० | १,२००,०००,००० | १,२००,०००,००० | १,२००,०००,०० | १,२००,०००,०० | १,२००,०००,०० | १,२००,०००,००० |
| जगेडा कोष | १०९,११०,८५० | १७३,०६०,४५६ | २३२,७०२,८९९ | ३४१,०६२,९४५ | ४५७,११७,७६८ | ६०५,२४७,९४१ | ८५४,८१५,६९० |
| चालु दायित्व | १६,८०६,०९२ | ११३,९१२,८६८ | १५०,७७७,५७१ | १६४,१४८,८५० | १८९,६४७,६४६ | २०३,५०४,०३२ | २६,४२१,७४८ |
| कुल दायित्व | १,३२५,९१६,९४२ | १,४८६,९७३,३२४ | १,५८३,४८०,४७० | १,७०५,२११,७९६ | १,८४६,७६५,४१५ | २,००८,७५१,९७४ | २,०८१,२३७,४३८ |

**ख. नाफा नोक्सान हिसाब**

| | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| आय | | | | | | | |
| ब्याज आय | ५,९५४,५००.०० | ७,४७८,५२२.१० | ७,९१८,६०३.०७ | ८,४६३,५७०.६३ | ९,४१८,१४७.६९ | १०,९४५,९१३.२५ | १२,९६१,७८४.१० |
| नगद लाभांस | २५,००८,९००.०० | ३९,८८५,४५१.२१ | ४५,३९९,९९०.९४ | ४८,५२४,४७१.६४ | ५३,९९७,३८०.१२ | ५९,८३७,६५९.११ | ६०,४८८,३२५.८२ |
| वोनस शेयर बिक्रिबाट आर्जित | १४,२९०,८००.०० | १९,९४२,७२५.६० | १७०२४९९६.६० | ४८,५२४,४७१.६४ | ५३,९९७,३८०.१२ | ५९,८३७,६५९.११ | ६०,४८८,३२५.८२ |
| नाफा/बिक्रिमा नोक्सान/फिर्ता | ४२,८७२,४००.०० | ७४,७८५,२२१.०१ | ११३,४९९,९७७.३६ | १४५,५७३,४१४.९१ | १८८,९९०,८३०.४१ | १७९,५१२,९७७.३२ | १९३,५६२,६४२.६१ |
| कल खाताको निक्षेपबाट प्राप्त ब्याज | ११,८३९,६१५.५१ | १०,३७२,३२०.७१ | ६,४५७,५७१.८२ | ५,०८०,५६५.१० | ४,५९८,३११.२१ | ३,०९३,८०७.४२ | ४,३२९,७२८.७८ |
| जम्मा आय | *९९,९६६,२१५.५१* | *१५२,४६४,२४०.६३* | *१९०,३०१,१३९.८०* | *२५६,१६६,४९३.९१* | *३११,००२,०४९.५४* | *३१३,२२८,०१६.२०* | *३३१,८३०,८०७.१३* |
| | | | | | | | |
| **खर्च** | | | | | | | |
| बार्षिक ब्यबस्थापन शुल्क | २२,८९६,६८३.०६ | २४,०३३,६११.१४ | २५,१०६,८८३.३८ | २७,०३९,२८४.३५ | २९,१२७,७७९.६७ | ३१,८०८,५३५.४६ | ३६,१८०,८७०.८१ |
| बार्षिक सुपरिबेक्षक शुल्क | १,९६२,५७२.८३ | २,०६०,०२३.८१ | २१५२०१८.५८ | २,३१७,६५२.९४ | २,४९६,६६६.८३ | २,७२६,४४५.९० | ३,१०१,२१७५० |
| निक्षेपक शुल्क | ६,५४१,९०९.४४ | ६,८६६,७४६.०४ | ७,१७३,३९५.२५ | ७,७२५,५०९.८१ | ८,३२२,२२२.७६ | ९,०८८,१५२.९९ | १०,३३७,३९१.६६ |
| धितोपत्र दलालि शुल्क | ३,५७२,७००.०० | ४,९८५,६८१.४० | ५,६७४,९९८.८७ | ६,०६५,५५८.९५ | ६,७४९,६७२.५१ | ७,४७९,७०७.३९ | ७,५६१,०४०.७३ |
| लेखापरिक्षक शुल्क | १५०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | १६५,०००.०० | १६५,०००.०० | १६५,०००.०० | १८१,५००.०० |
| सुचीकरण तथा डिम्याट शुल्क | १,२५०,०००.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० |
| स्किम दर्ता शुल्क | १,०००,०००.०० | - | - | - | - | - | - |
| सुचना प्रकाशन तथा प्रचारपसार शुल्क | २५०,०००.०० | २६२,५००.०० | २७५,६२५.०० | २८९,४०६.२५ | ३०३,८७६.५६ | ३०३,८७६.५६ | ३०३,८७६.५६ |
| कानुनी शुल्क | ७२,०००.०० | ७९,२००.०० | ८७,१२०.०० | ९५,८३२.०० | १०५,४१५.२० | १०५,४१५.२० | १०५,४१५.२० |
| निस्काशन शुल्क | ६,७५०,०००.०० | - | - | - | - | - | - |
| | | | | | | | |
| **कुल खर्च** | *४४,४४५,८६५.३४* | *३८,६३७,७८२.३९* | *४०,८२०,०४१.०८* | *४३,८९८,२४४.३१* | *४७,४७०,६३३.५४* | *५१,८७७,१३३.५०* | *५७,९१७,३१२.४६* |
| | | | | | | | |
| खुद बचत/(न्युन) | ५५,५२०,३५०.१७ | ११३,८२६,४७८.२४ | १४९,४८१,०९८.७२ | २१२,२६८,२४९.६० | २६३,५३१,४१६.०० | २६१,३५०,८८२.७० | २७३,८५९,४९४.६७ |
| | | | | | | | |
| खुद उपलब्ध बचत | ५५,५२०,३५०.१७ | ११३,८२६,४७८.२४ | १४९,४८१,०९८.७२ | २१२,२६८,२४९.६० | २६३,५३१,४१६.०० | २६१,३५०,८८२.७० | २७३,८५९,४९४.६७ |
| लाभाँश वितरण/नगद वितरण | - | ९६,०००,०००.०० | १३२,०००,०००.०० | १४४,०००,०००.०० | १६८,०००,०००.०० | १८०,०००,०००.०० | - |
| खुद बचत/(न्युन) | **५५,५२०,३५०.१७** | **१७,८२६,४७८.२४** | **१७,४८१,०९८.७२** | **६८,२६८,२४९.६०** | **९५,५३१,४१६.००** | **८१,३५०,८८२.७०** | **२७३,८५९,४९४.६७** |
| खुद नाफा /(नोक्सान) सन्चिती | ५५,५२०,३५०.१७ | ७३,३४६,८२८.४१ | ९०,८२७,९२७.१३ | १५९,०९६,१७६.७३ | २५४,६२७,५९२.७३ | ३३५,९७८,४७५.४३ | ६०९,८३७,९७०.०९ |
| **लाभाँश वितरण प्रतिशत** | ०.००% | ८.००% | ११.००% | १२.००% | १४.००% | १५.००% | - |

## ग. नगद प्रवाह विवरण

| विवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| सञ्चालन गतिबिधि बाट प्राप्त नगदप्रबाह | | | | | | | |
| आम्दानिबाट प्राप्त नगद | ९९,९६६,२१५.५१ | १५२,४६४,२४०.६३ | १९०,३०१,१३९.८० | २५६,१६६,४९३.९१ | ३११,००२,०४९.५४ | ३१३,२२८,०१६.२० | ३३१,८३०,८०७.१३ |
| नगद भुक्तानि | (४४,४४५,८६५.३४) | (३८,६३७,७६२.३९) | (४०,८२०,०४१.०८) | (४३,८९८,२४४.३१) | (४७,४७०,६३३.५४) | (५१,८७७,१३३.५०) | (५७,९७१,३१२.४६) |
| आयकर भुक्तानि | – | – | – | – | – | – | – |
| कार्यशिल पुँजीमा परिबर्तन हुनुअघि सञ्चालन गतिबिधि बाट प्राप्त नगदप्रबाह | **५५,५२०,३५०.१७** | **११३,८२६,४७८.२४** | **१४९,४८१,०९८.७२** | **२१२,२६८,२४९.६०** | **२६३,५३१,४१६.००** | **२६१,३५०,८८२.७०** | **२७३,८५९,४९४.६७** |
| चालु सम्पत्तिमा बृद्धि/(कमि) | (५,९३७,१५३.८८) | (३९५,१८७.३५) | ७५८,६४६.७४ | ७१,७६७.९० | (३५६,७२५.०६) | (३८७,७५६.८३) | (१,३१६,९१५.७७) |
| चालु दायित्वमा बृद्धि/(कमि) | १६,८०६,०९२.०१ | १,१०६,७७५.६८ | ८६४,७०३.७५ | १,३७१,२७९.०२ | १,४९८,७९५.९५ | १,८५६,३८५.९१ | २,९१७,७१६.१६ |
| कार्य सञ्चालनबाट प्राप्त नगद प्रवाह (क) | **६६,३८९,२८८.३१** | **११४,५३८,०६६.५७** | **१५१,१०४,४४९.२०** | **२१३,७११,२९६.५१** | **२६४,६७३,४८६.८९** | **२६२,८१९,५११.७८** | **२७५,४६०,२९५.०६** |
| | | | | | | | |
| लगानि गतिबिधि बाट प्राप्त नगद प्रवाह | | | | | | | |
| धितोपत्रमा लागानि बृद्धि/(कमि) | (८३३,६३०,०००.००) | (२८८,१४८,३१५.१५) | (१४५,१९८,१७६.२८) | (८७,१९४,८१०.०४) | (१५२,७३२,३२९.६६) | (१७१,४६९,७३४.०१) | ५८,१५०,३५२.३१ |
| स्थिर सम्पत्तिमा बृद्धि/(कमि) | – | – | – | – | – | – | – |
| लगानि गतिबिधि बाट प्राप्त नगद प्रवाह (ख) | **(८३३,६३०,०००.००)** | **(२८८,१४८,३१५.१५)** | **(१४५,१९८,१७६.२८)** | **(८७,१९४,८१०.०४)** | **(१५२,७३२,३२९.६६)** | **(१७१,४६९,७३४.०१)** | **५८,१५०,३५२.३१** |
| | | | | | | | |
| बित्तिय गतिबिधि बाट प्राप्त नगद प्रवाह | | | | | | | |
| शेयर पुँजिमा बृद्धि/(कमि) | १,२००,०००,०००.०० | – | – | – | – | – | – |
| लाभाँश बितरण | – | – | (९६,०००,०००.००) | (१३२,०००,०००.००) | (१४४,०००,०००.००) | (१६८,०००,०००.००) | (१८०,०००,०००.००) |
| बित्तिय गतिबिधि बाट प्राप्त खुद नगद प्रवाह (ग) | **१,२००,०००,०००.००** | **–** | **(९६,०००,०००.००)** | **(१३२,०००,०००.००)** | **(१४४,०००,०००.००)** | **(१६८,०००,०००.००)** | **(१८०,०००,०००.००)** |
| | | | | | | | |
| चालु बर्षको खुद नगद प्रवाह | **४३२,७५९,२८८.३१** | **(१७३,६१०,२४८.५८)** | **(९०,०९३,७२७.०८)** | **(५,४८३,५१३.५३)** | **(३२,०५८,८४२.७७)** | **(७६,६५०,२२२.२३)** | **१५३,६१०,६४७.२७** |
| नगद तथा बैकमा रेहेका शुरु मौज्दात | – | ४३२,७५९,२८८.३१ | २५९,१४९,०३९.७२ | १६९,०५५,३१२.६५ | १६३,५७१,७९९.१२ | १३१,५१२,९५६.३५ | ५४,८६२,७३४.११ |
| नगद तथा बैकमा रेहेको अन्तिम मौज्दात | **४३२,७५९,२८८.३१** | **२५९,१४९,०३९.७२** | **१६९,०५५,३१२.६५** | **१६३,५७१,७९९.१२** | **१३१,५१२,९५६.३५** | **५४,८६२,७३४.११** | **२०८,४७३,३८१.३८** |
| | | | | | | | |
| बासलातमा भएको नगद मौज्दात | **४३२,७५९,२८८.३१** | **२५९,१४९,०३९.७२** | **१६९,०५५,३१२.६५** | **१६३,५७१,७९९.१२** | **१३१,५१२,९५६.३५** | **५४,८६२,७३४.११** | **२०८,४७३,३८१.३८** |

## घ. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण

| बिवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| लगानि | ८८७,२२०,५००.०० | १,२२१,४९१,९४३.१७ | १,४०८,८५१,४६३.१३ | १,५३६,१३८,०७०.११ | १,७०९,३९३,८०६.५७ | १,९४७,६४२,८३१.१२ | १,८६५,२००,७३२.५० |
| चालु सम्पत्ति | ४३७,९६७,४८०.९९ | २६५,७७०,१३२.५२ | १७६,६०५,१५८.७३ | १७३,११२,७४३.१९ | १४४,६९८,३९२.५२ | ७३,४९१,७९९.११ | २२८,६९९,३४८.२२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कुल सम्पत्ति** | १,३२५,१८७,९८०.९९ | १,४८७,२६२,०७५.६८ | १,५८५,४५६,६२१.८६ | १,७०९,२५०,८१३.३१ | १,८५४,०९२,१९९.०९ | २,०२१,१३४,६३०.२३ | २,०९३,९००,०८०.७२ |
| | | | | | | | |
| **चालु दायित्व** | १६,८०६,०९२.०१ | ११३,९१२,८६७.७० | १५०,७७७,५७१.४४ | १६४,१४८,८५०.४६ | १८९,६४७,६४६.४१ | २०३,५०४,०३२.३२ | २६,४२१,७४८.४८ |
| | | | | | | | |
| **कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्कअघिको खुद सम्पत्ति मूल्य** | १६,८०६,०९२.०१ | ११३,९१२,८६७.७० | १५०,७७७,५७१.४४ | १६४,१४८,८५०.४६ | १८९,६४७,६४६.४१ | २०३,५०४,०३२.३२ | २६,४२१,७४८.४८ |
| बार्षिक कोष व्यबस्थापन शुल्क | २२,८९६,६८३.०६ | २४,०३३,६११.१४ | २५,१०६,८८३.३८ | २७,०३९,२८४.३५ | २९,१२७,७७९.६७ | ३१,८०८,५३५.४६ | ३६,१८०,८७०.८१ |
| सुपरिबेक्षक शुल्क | १,९६२,५७२.८३ | २,०६०,०२३.८१ | २,१५२,०१८.५८ | २,३१७,६५२.९४ | २,४९६,६६६.८३ | २,७२६,४४५.९० | ३,१०१,२१७.५० |
| डिपोजीटरी शुल्क | ६,५४१,९०९.४४ | ६,८६६,७४६.०४ | ७,१७३,३९५.२५ | ७,७२५,५०९.८१ | ८,३२२,२२२.७६ | ९,०८८,१५२.९९ | १०,३३७,३९१.६६ |
| **कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्कपछिको खुद सम्पत्ति मूल्य** | १,२६६,९८०,७२३.६४ | १,३४०,३८८,८२७.०० | १,४००,२४६,७५३.२१ | १,५०८,०१९,५१५.७४ | १,६२४,४९७,८८३.४२ | १,७७४,००७,४६३.५६ | २,०१७,८५८,८५२.२७ |
| इकाई संख्या | १२०,०००,००० | १२०,०००,००० | १२०,०००,००० | १२०,०००,००० | १२०,०००,००० | १२०,०००,००० | १२०,०००,००० |
| **प्रति इकाई खुद सम्पत्ति मूल्य** | १०.६४ | ११.१७ | ११.६७ | १२.५७ | १३.५४ | १४.७८ | १६.८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रति एकाइ खुद सम्पत्ति मुल्य | १०.६४ | ११.१७ | ११.६७ | १२.५७ | १३.५४ | १४.७८ | १६.८२ |
| शुरु लगानिमा प्राप्त प्रतिफल | ०.००% | ८.००% | ११.००% | १२.००% | १४.००% | १५.००% | - |
| लगानि प्रतिफल | ६.४२% | १२.९७% | १५.४७% | १९.७०% | २१.७२% | २४.२०% | १३.७५% |
| | | | | | | | |
| प्रति एकाइ मुल्यमा प्राप्त प्रतिफल | ६.४२% | ११.७०% | १६.६९% | २५.६७% | ३५.३७% | ४७.८३% | ६८.१५% |
| शुरु लगानिमा प्राप्त प्रतिफल | ६.४२% | १९.७०% | २७.६९% | ३७.६७% | ४९.३७% | ६२.८३% | ६८.१५% |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सन्चित पुँजिगत लाभ | ६.४२% | ११.७०% | १६.६९% | २५.६७% | ३५.३७% | ४७.८३% | ६८.१५% |
| बार्षिक पुजिगत लाभ | ६.४२% | ५.२८% | ४.९९% | ८.९८% | ९.७१% | १२.४६% | २०.३२% |
| कुल लगानि प्रतिफल( बार्षिक) | ६.४२% | १३.२८% | १५.९९% | २०.९८% | २३.७१% | २७.४६% | २०.३२% |

योजना व्यवस्थापकले तयार गरेको माथिको प्रक्षेपण जि.पि.राजबाहक एण्ड कम्पनि चार्टर्ड एकाउण्टेण्टका सि.ए. आसेश राजबाहक बाट प्रमाणित भएको छ।

**ङ. वित्तीय प्रक्षेपणका आधारहरु :**

**१. योजनाको सम्पत्तिको बाँडफाँट**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| स्थिर आय हुने क्षेत्र | १०.००% | १०.००% | १०.००% | १०.००% | १०.००% | १०.००% | १०.००% |
| साधारण शेयर | ६०.००% | ८०.००% | ८६.००% | ८६.००% | ८६.००% | ८२.००% | ७०.००% |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ३०.००% | १०.००% | ४.००% | ४.००% | ४.००% | ८.००% | २०.००% |

**२. शुल्क तथा खर्चहरु ( योजना निष्काशन तथा नियमित)**

- **योजना दर्ता शुल्क (योजनाको ०.०७५% वा न्युनतम रू १०,००,०००) :** रु.१०,००,००० ।
- **निष्काशन तथा बिक्री प्रबन्धक शुल्क** : योजनाको कुल निष्काशित रकमको ०.२५% ।
- **योजना निष्काशनको क्रममा गरिने विज्ञापन :** २१,००,००० ।
- **ब्रोकर शुल्क :** कारोबार गरिने धितोपत्र मुल्यको ०.४५% देखी ०.६०% सम्म ।
- **लेखापरीक्षण शुल्क :** पहिलो वर्ष रु.१,५०,०००/– र हरेक तिन वर्षमा १०% ले बृद्धि गरिने ।
- **नियमित सूचना प्रकाशन शुल्क :** बार्षिक रु.२,५०,०००/– र हरेक वर्षमा ५% ले बृद्धि गरिने ।
- **कानुनी परामर्श शुल्क :** पहिलो वर्ष रु.७२,०००/– र हरेक वर्षमा १०% ले बृद्धि गरिने ।

**३. प्रक्षेपित प्रतिफल**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ |
|---|---|---|---|---|---|---|---|
| स्थिर आय | ५.००% | ६.००% | ६.००% | ६.००% | ६.००% | ६.००% | ६.००% |
| शेयरः | | | | | | | |
| नगद लाभांश | ३.५०% | ४.००% | ४.००% | ४.००% | ४.००% | ४.००% | ४.००% |
| बोनश शेयर | २.००% | २.००% | १.५०% | ४.००% | ४.००% | ४.००% | ४.००% |
| ब्याज आम्दानी : माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ३.००% | ३.००% | ३.००% | ३.००% | ३.००% | ३.००% | ३.००% |
| आर्जित पूँजीगत नाफा/( नोक्सान) | १२% | १५% | २०% | २४% | २८% | ३०% | ३२% |
| संचित (Cumulative) आर्जित हुन बाँकी पूँजीगत नाफा/( नोक्सान) | १५% | २०% | २५% | ३०% | ३०% | ३०% | २७% |

**४. पाउनुपर्ने तथा भुक्तानी गर्नुपर्ने**

- चालु सम्पत्ति : माग तथा अल्प सूचनामा प्राप्तहुने ब्याज आम्दानी त्रैमासिक रूपमा गणना गरिएको तथा स्थिर लगानीमा प्राप्त ब्याज आम्दानी अर्ध वार्षिक रूपमा गणना गरिएको ।
- चालु दायित्व : योजना व्यवस्थापन शुल्क, डिपोजीटरी शुल्क तथा सुपरिवेक्षण शुल्क अर्धवार्षिक रूपमा भुक्तानी गरिने तथा बिविध साहु (क्रेडिटर्स) कानुनी सेवा शुल्क तथा दलाली शुल्क त्रैमासिक रुपमा भुक्तानी गरिने ।

**५. कर सम्बन्धी व्यवस्था**

सामूहिक लगानी कोषलाई कर छुटको व्यवस्था भए अनुसार योजनाले आर्जन गरेको मुनाफामा कर नलाग्ने ।

**८.५ योजनाको खर्चसम्बन्धी विवरण**

योजनाको खर्च सम्बन्धी विवरण देहायअनुसार रहेको छ :

**(क) योजना निष्काशनका लागि गरिने खर्च :**

नियमावलीको व्यवस्था वमोजिम बोर्डमा योजना दर्ता गर्ने शुल्क योजना रकमको ०.०७५ प्रतिशत वा न्यूनतम १० लाख हुने, क्रेडिट रेटिङ्ग, सूचना प्रकाशन, आवेदन संकलन, प्रशोधन तथा फिर्ता भुक्तानी, शेयरको डिम्याट, इकाईको बाँडफाँड, योजनाको प्रचार प्रसार तथा निष्काशनसंग आवद्ध अन्य खर्च ।

**(ख) योजनाको नियमित खर्च :**

१. **लगानी व्यवस्थापन शुल्क:** खुद सम्पत्ति मूल्यको बार्षिक १.७५ प्रतिशत ।

२. **कोष सुपरिवेक्षक (समूह) शुल्क:** विवरण पुस्तिकाको बुँदा ७.४(८) मा तोकिएको शुल्कको अधिनमा रहि यस योजनाका लागि खुद सम्पत्ति मूल्यको बार्षिक ०.१५ प्रतिशत ।

३. **डिपोजिटरी शुल्क:** खुद सम्पत्ति मूल्यको बार्षिक ०.५० प्रतिशत ।

४. **सूचीकरण तथा नविकरण शूल्क** : नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले तोके वमोजिम ।

५. लेखा परिक्षण, प्रचलित कानून बमोजिमको सूचना प्रकाशन, कानूनी खर्च, शेयर कारोबारमा ब्रोकर कमिशन, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन (वास्तविक आधारमा) ।

६. योजनाले कर तिर्नुपर्ने अवस्थामा त्यस्तो कर तथा सिडिएस (CDS) मा दर्ता शूल्क,

७. योजनासंग सम्वन्धित अन्य भैपरी आउने खर्च ।

बोर्डले तोकेको अवस्थामा वाहेक उपर्युक्त शिर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाईने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ ।

**८.६ योजनाको मुनाफा वितरणको लक्ष्य :**

योजनाको लेखापरीक्षणपश्चात् आएको खुद वितरणयोग्य मुनाफाको हिसावले इकाईको अङ्कित मूल्यको आधारमा हरेक आर्थिक बर्षमा एक वा सो भन्दा बढी पटक मुनाफा वितरण गरिनेछ । सञ्चित मुनाफा (Retained Earning) पुन: लगानी गरिनेछ ।

**८.७ लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था :**

प्रचलित कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

**८.८ योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया :**

योजनाका इकाईहरु योजनाको अवधि समाप्त हुँदा बजार प्रतिकुल भएको अवस्थामा बाहेक अन्य अवस्थामा कुनै अर्को योजनामा हस्तान्तरण हुने छैन । योजनाको अवधि समाप्त हुनु भन्दा केही समय अघिदेखिनै योजनाको सम्पत्ति विक्री गर्ने कार्य शुरु गरी नगदमा परिणत गरिनेछ र योजनाको अवधि समाप्त भएपछि इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिनेछ । कुनै कारणबस वा योजनाको अवधि समाप्तहुँदा बजार प्रतिकुल भएको अवस्थामा योजनाको सम्पत्ति नगदमा परिणत हुन नसक्ने अवस्था आएमा योजना ब्यवस्थापकले बोर्ड र कोष सुपरिवेक्षकको स्विकृति लिई यस योजनालाई नयाँ योजनामा परिणत गरी सहभागीहरुलाई नयाँ योजनाको इकाई वितरण गर्न सकिनेछ । यदी कोही सहभागीले नयाँ योजनाको इकाई लिन नचाहेमा योजना व्यवस्थापकले त्यस्तो सहभागीलाई निजको इकाईको स्वामित्वको अनुपातमा नगद भुक्तानी गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

**८.९ खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशनसम्बन्धी व्यवस्था:**

**(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :**

प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

| |
|---|
| मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु |
| **प्रति इकाई खुद सम्पत्ति मूल्य** = ———————————————————————— |
| मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई सङ्ख्या |

**(ख) खुद सम्पत्ति मूल्य प्रकाशनसम्बन्धी व्यवस्था :**

नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेव साईट www.sanima.capital मा सार्वजनिक गरिनेछ। साथै योजना व्यवस्थापकले योजनाले धितोपत्रमा गरेको लगानीको रकम, लगानी गरेको धितोपत्रहरुको बजार मूल्य, योजनाको आम्दानी तथा खर्चहरु, योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य र सो गणनाको आधार आदी सम्बन्धी विवरणहरु प्रत्येक नेपाली महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा एक पटक प्रकाशन गर्नेछ र सो प्रकाशित विवरण आफ्नो वेब साईटमा समेत राख्नेछ।

**८.१० योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा**

**(क) सामान्य जोखिम तत्वहरु :**

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :**
सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :**
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ। यसको लगानी मध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ।

(३) **कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :**
योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ। योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन।

(४) **कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :**
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ। योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :**
यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ। योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन।

**(ख) खास जोखिम तत्वहरु :**

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :**
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा नगद लाभांश पाउने छन्। यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (capital gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ। प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ। खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ। कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ। योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :**

सामूहिक लगानी कोषसम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ। साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ। योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ। ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ। धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिमसमेत आकर्षित हुनसक्दछ। साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र धितोपत्रको लगानीबीच विपरित सम्बन्ध (Inverse relation) हुने हुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :**
यस योजनासंग आवद्ध कोष प्रवर्द्धक तथा यस योजना संचालन गर्ने योजना व्यवस्थापकको रेटिङ्ग श्री इक्रा नेपाल लि. बाट भएको छ। उक्त रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन।

(४) **व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :**
योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ। सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेञ्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था वमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ।

(६) **इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :**
योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अन्तर्निहित रहेका हुन्छन्।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :**
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहनेहुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :**
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :**
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ। विभिन्न आर्थिक उतारचढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ।

(१०) **पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :**
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ। यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ।

(११) **योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :**
योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ। यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन्। यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिमरहित धितोपत्र मानिन्छ। योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ।

(१२) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :**
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ। त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ।

(१३) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :**
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

**(१४) योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :**
योजनाको कार्यसम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी समयसापेक्ष हिसाबले सोचेभन्दा बढी जोखिम भएको लगानीलाई यथासक्दो चाँडो बिक्री गरी सो बाट संकलित रकम अन्य सोचे अनुरुपको जोखिम भएका उपकरणहरुमा लगानी गरिनेछ ।

(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा बोर्डले लगानीका लागि तोकेको उपकरणहरुको एक आन्तरिक रेटिङ्ग गरिनेछ, जसको आधारमा मात्र योजना व्यवस्थापकले सूसुचित हिसाबले लगानीको निर्णय गरिने प्रकृयाको विकास गरिनेछ ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा अनुसन्धान विभागबाट प्राप्त आधारभूत विश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) को आधारमा बजारको अवस्था हेरी पर्याप्त विश्लेषण गरेर मात्र लगानीसम्बन्धी निर्णय गरिनेछ ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयानुचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप क्षेत्रगत लगानीका अवसरहरुको निरन्तर अध्ययन अनुसन्धान अनुसन्धान विभागबाट गरिनेछ र सो को आधारमा लगानी विविधीकरण गरिनेछ ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ ।

## ९ ईकाइ निष्काशनसम्बन्धी विवरण

### ९.१ ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

यस विवरणपुस्तिका मार्फत् निष्काशन गरिने इकाईहरुको लागि आवेदन दिने अवधि अधिकतम १५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत इकाईहरुको बिक्री बन्द गर्न सकिनेछ । तर विवरण पुस्तिकामा गरिएको ब्यबस्था अनुसार ४ कार्य दिन भन्दा अगाडी इकाई खरिदको आवेदन लिने कार्य बन्द गरिने छैन ।

### ९.२ आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी:

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका २०७३ (ASBA) लागू भएको र २०७४ श्रावण १ देखि सार्वजनिक निष्काशनमा सोहि निर्देशिकाको व्यवस्था बमोजिममात्र आवेदन गर्न पाईने भएकोले उक्त निर्देशिका बमोजिम नेपाल धितोपत्र बोर्डबाट सहभागि बैंकको इजाजत प्राप्त बैंक तथा वित्तिय संस्थाका तोकिएका देश भरिका शाखा कार्यालयले आवेदन संकलन केन्द्रको कार्य गर्नेछन् ।

### ९.३ निवेदन दिन सक्ने व्यक्ति तथा संस्थाहरु :

कुनै पनि नेपाली नागरिक यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । साथै प्रचलित कानून बमोजिम दर्ता भएका फर्महरुले पनि फर्मको नामबाट यस योजनामा लगानी गर्न सक्नेछन् । साथै बैंक, वित्तीय संस्था, इन्स्योरेन्स कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोष जस्तै संचयकोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदि कोषहरुको रकम यस फण्डमा लगानी गर्न सक्नेछ ।

धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम हितग्राही खाता खोलेका व्यक्ति तथा संस्थाहरुले मात्र यस निष्काशनमा आवेदन गर्न सक्नेछन् ।

**९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या:**

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० ले भाग जाने गरी अधिकतम चौविस लाख ईकाइसम्म खरिदका लागि आवेदन दिन सक्नेछन्।

**९.५ इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

१. योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ।

२. बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ।

३. यस विवरण पुस्तिकाअनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ।

४. इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ। तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ।

५. धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ को उपनियम ७ को व्यवस्था बमोजिम ईकाईको बाँडफाँड अभौतिकरुपमा मात्र गरिने छ। इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम हुनेछ।

६. यस योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सुचीकरण गरी दोस्रो बजार कारोवारको व्यवस्था गरिनेछ।

**९.६ आवेदन दिदा ध्यान दिनुपर्ने कुराहरु:**

१. कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिकाअनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन्। आबेदन आस्वा (ASBA) को सदस्य रहेका सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु बाट बुझाउन सकिनेछ।

२. आबेदकले हितग्राहि खाता उपलब्ध गराउँदा निक्षेप सदस्यकोमा भएको वास्तबिक नाम,थर, र तिन पुस्ता हुबहु उल्लेख गर्नुपर्नेछ। फरक परी बाँडफाँडमा नपरे आबेदक स्वयम् जिम्बेबार हुनेछ।

३. रु.१०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

४. आवेदन दिंदा आस्वामा सदस्य रहेका बैंक/वित्तिय संस्थाहरुले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई सङ्ख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।

५. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइने छैन। यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ।

६. आवेदकले कम्तीमा १०० (एक सय) इकाई तथा सोभन्दा बढी इकाई खरिदका लागि आवेदन दिन चाहेमा १० ले भाग जाने गरी अधिकतम २४,००,००० (चौविस लाख) इकाई खरिदका लागि आवेदन दिन सक्नेछ। यस्तो इकाईका लागि आवेदन दिंदा आफूले खरिद गर्न चाहेको प्रति इकाई वापत रु. १०।– (दश) का दरले एकमुष्ठ रकम आवेदनसाथ बुझाउनु पर्नेछ।

७. यस विवरण पुस्तिका बमोजिम निष्काशन गरिने इकाईहरुमा सङ्कलित रकम विविध निर्धारित क्षेत्रमा लगानी गरिने र विद्यमान परिस्थितिमा उक्त लगानीवाट आर्जन गरिने मुनाफावाट प्रचलित कानुन वमोजिम इकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ।

८. आवेदकले विवरण पुस्तिका राम्रोसंग अध्ययन गरेर मात्र आवदेन दिनु उपयुक्त हुनेछ।

**१० इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :**

**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार**

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्थावारे जानकारी प्राप्त गर्ने।

(ख) योजनाले वितरण गरेको प्रतिफल प्राप्त गर्ने।

(ग) योजनाअन्तर्गतका आफना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्ने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने।

(घ) योजना व्यवस्थापकको कार्यसम्पादनसम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने।

(ङ) योजना सञ्चालनसम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासा राखी समाधान गराउने।

(च) योजनाको कार्यसम्पादनसँग सम्बन्धित खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण नियमावलीले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने।

**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा**

(क) खरिद गरेको इकाई लाई इकाईधनीले उपलब्ध गराएको हितग्राही खातामा सोझै जम्मा गरिने व्यबस्था मिलाइनेछ।

## ११ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तिय संस्था तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ। साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यस्को समाधानका लागि योजना व्यवस्थापकका इन्भेष्टमेन्ट बैकिङ्ग प्रमुख श्री मन्दिप लुईटेललाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरेको छ। नियम पालना अधिकृतले प्राप्त गुनासा सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुनसम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ। यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सोको समाधान गरिनेछ।

लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्: फोन नं. ४४२८९५६/४४२८९५७ फ्याक्स नं.४४२८९५८, E-mail: sanimacapital@sanimabank.com

**निष्काशन बैंकहरु :**

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ।

१. श्री सानिमा बैंक लिमिटेड, काठमाडौं ।

साथै आवश्यकतानुसार निष्काशन बन्द भएको तीन दिनभित्र बोर्डलाई जानकारी दिई अन्य क बर्गका बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

## १२. योजना व्यवस्थापकको प्रतिबद्धता-पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट)

मिति : २०७४/०३/१५

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

महाशय,

**विषय : प्रतिबद्धता पत्र ।**

यस सानिमा क्यापिटल लिमिटेडले सानिमा म्युचअल फण्ड अन्तर्गत सानिमा इक्वीटी फण्ड को इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहायअनुसारको प्रतिबद्धता पेश गर्दछु।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र सम्बन्धी ऐन, २०६३, सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिम अगाडि बढाइएका हुन् ।

२. योजना शुरु गर्न आवश्यक सबै कानुनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ।

३. विवरण पुस्तिकामा खुलाइएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

भवदीय,

मनिष नारायण जोशी
प्रमुख कार्यकारी अधिकृत

**१३ यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**

| **क्र.सं.** | **सञ्चालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १ | श्री तेज बहादुर चन्द<br>(सानिमा बैंक लि. को तर्फबाट) | अध्यक्ष | |
| २ | श्री निश्चल राज पाण्डे<br>(सानिमा बैंक लि. को तर्फबाट) | सञ्चालक | |
| ३ | श्री सरोज गुरागाईं<br>(सानिमा बैंक लि. को तर्फबाट) | सञ्चालक | |
| ४ | श्री पवन कुमार आचार्य<br>(सानिमा बैंक लि. को तर्फबाट) | सञ्चालक | |
| ५ | श्री श्रीप्रसाद पौड्याल | स्वतन्त्र व्यवसायीक सञ्चालक | |
| ६ | श्री बलराम पराजुली | स्वतन्त्र व्यवसायीक सञ्चालक | |